चौरजहारी घटनाको छानबिन गरी दोषीमाथि कारवाही होस्... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८०१६२६०२६, ९८०१६२६०२५ ०४१५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ • अंक १० • २०७७ साल जेठ १६ गते शुक्रबार (29 May, Friday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

# २०७७/७८ का लागि १४ खर्ब ७४ को बजेट

## बजेटमा नयाँपन छैन्, लक्ष्य कठिन छ :मुख्यमन्त्री राउत

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सरकारका अर्थमन्त्री युवराज खतिवडाले आर्थिक वर्ष २०७७/७८ को लागि कुल १४ खर्ब ७४ अर्ब ६४ करोड रुपैयाँको बजेट विहिबार सङ्घीय संसद्मा प्रस्तुत गरेका छन् ।



अगामी आर्थिक वर्षका लागि ल्याइएको बजेट चालु आर्थिक वर्षको भन्दा झण्डै ५८ अर्ब कम रहेकोछ ।आर्थिक वर्ष २०७६/७७ मा सरकारले १५ खर्ब ३२ अर्ब १८ करोड रुपैयाँ बजेट ल्याएको थियो।

आगामी आर्थिक वर्षका लागि अर्थमन्त्री खतिवाडाले चालुतर्फ९ खर्ब ४८ अर्ब र पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ९१ करोड रुपैयाँ विनियोजन गरेका छन् । त्यस्तै वित्तीय व्यवस्थाका लागि १ खर्ब ७२ अर्ब रुपैयाँ विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षको अनुमानित खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट ८ खर्ब ८९ अर्ब ६२ करोड रुपैयाँ र वैदेशिक अनुदानबाट ६० अर्ब ५२ करोड बेहोरिने मन्त्री खतिवडाले जनाए ।

वैदेशिक ऋणबाट २ खर्ब ९९ अर्ब ५० करोड रुपैयाँ जुटाइने उल्लेखगर्दै मन्त्री खतिवडाले भने, 'आन्तरिक ऋणबाट २ खर्ब २५ अर्ब रुपैयाँ उठाउने सरकारको विश्वास छा'

देशमा कोरोना भाइरसको संक्रमणले अर्थव्यवस्थार्ला तहसनहस गरेको बेला सरकारले स्वास्थ्य तथा जसंख्या मन्त्रालयका लागि ९० अर्ब ६९ करोड छुट्याइएकोछ । कोरोनाभाइरस नियन्त्रणका लागि ६ अर्ब रुपैयाँ बजेटमा विनियोजन गरिएकोछ । सो रकम कोरोनाभाइरस सङ्क्रमण नियन्त्रण तथा नियन्त्रणका लागि तत्काल आवश्यक पर्ने औषधि, उपकरण तथा उपचारका लागि छुट्याएको मन्त्री खतिवडाले जनाए ।

स्वास्थ्य क्षेत्रमा गत वर्षको तुलनामा करिब २२ अर्ब रुपैयाँ बढी विनियोजन गरिएको छ । गत आर्थिक वर्षमा सरकारले उक्त क्षेत्रमा ६८ अर्ब ७८ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

त्यस्तै कोरोनाभाइरस सङ्क्रमण रोकथामका लागि अग्रपङ्क्तिमा खटिएकाबाहेक अन्य कर्मचारीलाई दिइँदै आएको सबै भत्ता खारेज गरिएको छ । तर सरकारले सबै कर्मचारीको कोरोना बिमा गर्ने घोषणा गरेको छ । सरकारले कार्यालय सञ्चालन, इन्धन, मर्मत, वैदेशिक भ्रमण, सवारी साधन खरिद र मर्मत लगायत खर्चमा बजेट कटौती गरेको हो ।

कोरोनाको उपचार र रोकथाममा खटिने चिकित्सक, स्वास्थ्यकर्मी बाहेकका राष्ट्रसेवकलाई दिइने प्रोत्साहन, जोखिम, अतिरिक्त समय भत्ता, खाना, खाना भत्ता खारेज हुने मन्त्री खतिवडाले बताए ।

सरकारले कोरोनामा विनियोजन गरेको भन्दा दोब्बर बढी पूर्वाधार विकासमा रकम छुट्ट्याएकोछ ।यद्यपी चालु आर्थिक वर्षको तुलनामा सो रकम २५ अर्ब कम छ ।

पूनर्निमाणको बजेट ६६ अर्ब घटेको छ ।संसदीय विकास बजेटमा पनि प्रति निर्वाचन क्षेत्र २ करोडले कटौती गरिएकोछ ।

अर्थमन्त्री खतिवडाले इन्धनमा खाना पकाउने ग्यास र हवाई इन्धनबाहेक डिजेल, पेट्रोल, मट्टितेल र सुन तथा सुनको गहनाको भन्सार महशुलमा सामान्य वृद्धि गरिएको संसदमा जानकारी दिए ।उनले सुर्तीजन्त र मदिरामापनि केहि बृद्धि गरिएको बताए ।देशको ३ सय पालिकामा भुमी बैंक स्थापना गरिने बजेटमा उल्लेख गरिएकोछ ।

बजेटमा युवा तथा खेलकुद मन्त्रालयलाई २ अर्ब ३६ करोडको बजेट विनियोजन भएको हो । यो बजेट चालु आर्थिक वर्षको भन्दा एक अर्ब ६३ करोडले कम हो ।

सरकारले सञ्चार क्षेत्रलाई अर्थमन्त्री खतिवडाले लगातार तेस्रो बजेट प्रस्तुत गरेका हुन् ।

सरकारले ल्याएको बजेट संघीयता मैत्री नभएको प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले आरोप लगाएका छन् ।'बजेटमा केहि नयाँपन छैन, गत,विगतको जस्तै समान्य किसिमको बजेटछ' उनले भने, कोराना भाइरस संक्रमणले मुलुक अक्रान्त बनेको बेला संघीय सरकारले प्रदेशलाई उपेक्षा गरे ।

'विदेशका फिर्ता आउने नेपालीहरुका लागि रोजगारी सृजना गर्ने व्यवस्था बजेटले गरेको छैन्' उनले भने, देशकै अहिले सबै भन्दा ठूलो चुनौती कोरोना भाइरससित लडन प्रदेशको भूमिकालाई महत्व दिएको छैन् ।उनले कृषि तथा स्वास्थ्यमा विनियोजन गरिएको बजेट कम भएको बताए ।

# कोरोना भाइरस संक्रमितको संख्या हजार नाघ्यो

**टुडे समाचारदाता**

काठमाण्डु ।नेपालमा कोरोना भाइरसबाट संक्रमितको संख्या हजार नाघेकोछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार दिउँसो सम्म १ सय ५६ जनामा कोरोना भाइरसको संक्रमण (कोभिड-१९)पुष्टि भएको जनाएकोछ । मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार थपिएको संख्या समेत संक्रमितको कुल संख्या १ हजार ४२ पुगेको छ।

हाल सम्म पुष्टि भएका संक्रमितहरु मध्ये एकै दिन सय बढी संख्यामा कोरोना भाइरस पुष्टि भएको यो नै पहिलो हो । विभिन्न प्रयोगशालामा गरिएको पीसीआर परीक्षणमा एकै दिन यति ठूलो संख्यामा कोरोना पोजेटिभ देखिएको हो ।मन्त्रालयका प्रवक्ता देवकोटाले अहिलेसम्म पीसीआर विधिबाट ६० हजार ६ सय ९६

**हाल सम्म पुष्टि भएका संक्रमितहरु मध्ये एकै दिन सय बढी संख्यामा कोरोना भाइरस पुष्टि भएको यो नै पहिलो हो । विभिन्न प्रयोगशालामा गरिएको पीसीआर परीक्षणमा एकै दिन यति ठूलो संख्यामा कोरोना पोजेटिभ देखिएको हो ।मन्त्रालयका प्रवक्ता देवकोटाले अहिलेसम्म पीसीआर विधिबाट ६० हजार ६ सय ९६ र आरडीटी विधिबाट १ लाख २ हजार ३४ जनाको नमुना परीक्षण गरिएको छ ।**

र आरडीटी विधिबाट १ लाख २ हजार ३४ जनाको नमुना परीक्षण गरिएको छ।

कोरोना भाइरस जितेर देशभरि १ सय ८७ जना घर फर्केका छन् ।हाल सम्म कोरोना भाइरस संक्रमणबाट ५ जनाको मृत्यु भएको मन्त्रालयले पुष्टि गरेकोछ।

प्रदेशगत रुपमा संक्रमितको संख्या सर्वाधिक प्रदेश नम्बर २ मा छ ।मन्त्रालयका अनुसार प्रदेश २ मा संक्रमितहरुको संख्या ४ सय पुगेकोछ ।त्यसपछि प्रदेश नम्बर ५ मा संक्रमितहरुको संख्या रहेकोछ ।प्रदेश २ मा एकै दिन ७६ जनामा कोरोना भाइरस संक्रमितको पुष्टि भएकोछ ।त्यस मध्ये धनुषा जिल्लामा २९ जना संक्रमित देखिएका छन् ।

पछिल्लो २४ घण्टामा पीसीआर २ हजार ४ सय १९ र आरडीटी विधिबाट १ हजार ७ सय ४७ नमुना परीक्षण गरिएको छ । अहिलेसम्म कोरोना जितेका १ सय ८७ जना मध्ये १ सय ४४ पुरुष र ४३ जना महिला छन् ।

प्रवक्ता देवकोटाका अनुसार देशभरिको क्वारेन्टाइनमा ८६ हजार ५७ जना छन् । ८ सय ५० जनाको आइसोलेसनमा उपचार भइराखेको छ।




# क्वारेन्टाइन रोक्न ढुंगामुढा,१२ राउण्ड हवाई फायर

**एम.के.चौधरी**

गरुडा(रौतहट) ।कोरोना भाइरसको सर्वाधिक पोजिटिव संख्या भएको देशको दोस्रो जिल्ला रौतहटमा क्वारेन्टाइन बनाउन नदिन विहिवार स्थानीय र प्रहरीबीच झडप भएकोछ ।

रा ै त ह ट का ै कटहरिया नगरपालिका वडा नम्बर १ भसेढवामा रहेको माध्यमिक विद्यालय भवनमा क्वारेन्टाइन बनाउन लाग्दा स्थानीयहरुले विरोधगर्दा प्रहरीले बल प्रयोग गरेको हो ।

एकजना स्थानीय बासिन्दाका अनुसार माध्यमिक विद्यालय भवन घना बस्तीमा रहेकोले क्वारेन्टाइन बनाएर कोरोनाको शंकाष्पद विरामीहरु राख्न नदिने बताउँदै बिरोधमा उत्रेका स्थानीयबासिन्दाहरुले प्रहरीमाथि ढुंगामुढा गरेको बताइएकोछ।

भीडलाई नियन्त्रण गर्न प्रहरीले १२ राउण्ड हवाईफायर गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार स्थानीयको ढुंगामुढाबाट प्रहरी सहायक निरीक्षक सहित ६ जना सुरक्षाकर्मीको टाउको फुटेकाले स्थिति नियन्त्रणमा लिन प्रहरीले लाठी चार्जगर्दै १२ राउण्ड गोली हवाई फायर गरिएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

वडा नम्वर ५ कटहरियामा रहेको जनता माध्यमिक विद्यालयमा क्षमता भन्दा बढी मानिस भएपछि भसेढवा मावीमा प्रहरी सहितको टोली क्वारेन्टाइन बनाउन पुगदा बादविवाद भई झड्प भएको थियो।

सामान बोकेको ट्र्याक्टरलाई मा बी भसेढवाको प्रांगन बाहिरै रोकेर स्थानियले कुनैपनी हालतमा क्वारेन्टाईन बनाउन नदिने अडान लिएका थिए ।

स्थानीयको विरोध भएपछि मेयर सियाराम कुशवाहा र ईलाका प्रहरी कार्यालय कटहरियाका प्रहरी नायव निरीक्षक सुरेन्द्र सिंहले स्थानियलाई सम्झाउँदापनि स्थिति समान्य भएन् ।इलाका प्रहरी कार्यालय गरुडाबाट घटनास्थलमा थप प्रहरी बल पुगदा स्थानीयहरुले ढुंगामुढा गर्न थालेको प्रहरीले जनाए।

ढुंगामुढा प्रहारबाट प्रहरी सहायक निरीक्षक हिरालाल साहको टाउको फुटेको छ। प्रनानी सिंह सहीत ५ जना प्रहरीलाई चोटपटक लागेको र घटनालाई नियन्त्रणमा लिन लाठी चार्ज गर्दा समेत नमानेपछि बाध्य भएर प्रहरीले १२ राउण्ड हवाई फायर गरिएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी ज्ञानकुमार महतोले बताए।

स्थानीयको अबरोधको कारण क्वारेन्टाइन निर्माणमा समस्या भएको जनाउँदै डीएसपी महतोले भने, भारत लगायत देशकै विभिन्न जिल्लाबाट भारी संख्यामा आइरहेका मानिसहरुलाई क्वारेन्टाइनमा राख्नुपर्ने भएकाले पालिकाहरुले थप गर्न लागेको हो ।



# सबै स्थानीय तहमा आइसोलेसन वार्ड निर्माण हुने

टुडे समाचारदाता

कलैया। बारा जिल्लाको सबै स्थानीय तहमा आइसोलेसन वार्ड निर्माण हुने भएको छ। बिहीबार बसेको विपद् व्यवस्थापन समितिको बैठकले यस्तो निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितको अध्यक्षतामा सम्पन्न सो बैठकले जिल्लामा रहेको १६ वटै पालिकाहरुमा क्वारेन्टाइन र आईसोलेसन निर्माण गरि भारतबाट आएका ब्यक्तिहरुलाई आ आफने पालिकाहरुमा व्यवस्थापन गरिने निर्णय गरेको हो। उपमहानगरपालिकामा २५, नगरपालिकामा १५ र गाउँपालिकामा १० बेडको आइसोलेसन वार्ड अनिवार्य रुपमा निर्माण गरेर कोरोना पोजेटिभ फेला परे आफनो पालिकाकै आईसोलेसनमा उपचार गर्न बैठकले निर्णय गरेको प्रमुख जिल्ला अधिकारी पंडितले बताए। बैठकले भारतबाट नेपाल आउने नेपालीहरुको व्यवस्थापन गर्नका लागि कलैयास्थित रहेको रामराजा क्याम्पसमा ३ सय वेडको क्वारेन्टाइन बनाउनुको साथै कलैया उपमहानगरपालिका वडा नम्बर ५ नारायणी सिचाई र गंगापुरको महिला छात्रावासमा पनि ५० बेडको आइसोलेसन कलैया उपमहानगरपालिकाले ५० प्रतिशत खर्चमा निर्माण गर्ने निर्णय भएको हो। बाँकी खर्च भने प्रदेश साँसद पारस साहले दिनेभएको छ।

कोरोनाका बिरामीहरुलाई उपचार गर्नमा प्रयोग हुने समाग्रीहरु कलैया अस्पतालबाट शुक्रबार गंगापुरमा ढुवानी गर्ने शनिबार कलैया अस्पताललाई सेनिटाईन गर्ने र अस्पतालले सुचना निकाली अस्पतालमा जेनेरल सेवा प्रदान गर्ने निर्णय समेत भएको प्रदेश साँसद साहले बताए। कलैया अस्पतालका प्रमुख डा. बिरेन्द्र मण्डलले शुक्रबार बिहान र बेलुकाको खाना खानेगरि कोरोना बिरामीहरुलाई सार्ने भने। कोरोना भाईरसको चेकजाचको दायरा बढाउनका लागि पिसिआर २५ सय किट, आरटिडी १५ सय माँग गर्ने र प्रदेश सरकावाट बिपत व्यवस्थापन समितिमा आएको ५० लाख रुपैयाँ सुरक्षा निकायलाई कोरोनाबाट बच्नका लागि करिब २८ लाखको रकमबाट समाग्री खरिद गरि प्रदान गर्ने निर्णय भएको छ।

त्यसैगरि ५० बेडको आइसोलेसनको नेपाली सेनाले र सो भन्दा कम बेडको आईसोलेसनको नेपाल प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरि सुरक्षा तथा निगरानी गराउने निर्णय गरिएको हो। बैठकमा प्रदेश साँसद सुरक्षा निकायका प्रमुख, जिल्ला जनस्वास्थय, जिल्ला अस्पताल, कलैया उपमहानगरपालिका मेयर लगायतको सहभागिता रहेको थियो।

# प्रदेश २ का सात वटा सीमा नाका मात्रै खुल्ला रहने

टुडे समाचारदाता

जनकपुरधाम । भारतमा रहेका नेपालीलाई ल्याउन भन्दै गत जेठ ४ गतेदेखि खुल्ला गरिएका सीमा नकाकाहरु बन्द गरिएको छ। धनुषाका समेत जटही र खजुरी नाका बन्द भएको छ।

सरकारको यो निर्णयसँगै प्रदेश २ का सात वटा सिमा नाकाबाट मात्रै नेपाली आउने भएका छन्। प्रदेशको सप्तरीस्थित कुनौली नाका, सिरहास्थित ठाडी र माडर, महोत्तरीको भिठामोड, सर्लाहीको मलगंवा, रौतहटको गौर र पर्साको बीरगंज नाकाबाट मात्रै नेपाली भारतबाट आउने भएका छन्।

धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले नेपाल सरकारको जेठ १२ गते मन्त्री परिषद्को बैठकले यो निर्णय भएको जानकारी दिएका छन्। उनका अनुसार स्वदेश आउनेपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी सरकारको नयाँ निर्णय आएको हो।

सरकारको यो निर्णय अनुसार प्रदेश १ को पशुपतिनगर, काँकडभिट्टा र मोरंगको रानी नाकाबाट मात्रै नेपाली आउन पाउने भएका छन्।

प्रदेश ५ को नवलपरासी पश्चिमस्थित महेशपुर, रुपन्देहीको बेलहिया, कपिलवस्तुको कपिलवस्तु र कृष्णनगर, बाँकेको जमुनाहा, बर्दियाको सुरतपुर, सुदुर पश्चिम प्रदेशको कैलालीस्थित गौरीफन्टा, कंचनपुरको गठा चौकी, बैतडीको तुलाघाट र दार्चुलाको दार्चुला सीमाबाट मात्रै नेपाली आउन सक्नेछन्।

# पत्रकार रमणले जिते कोरोनालाई

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामका पत्रकार बिरेन्द्र रमणले कोरोनालाई जितेका छन्। कोरोना संक्रमित पत्रकार रमण बिहीबार निको भएर अस्पतालबाट डिस्जार्च भएका छन्। पत्रकार रमण ३१ बैशाखमा संक्रमित



देखिएका थिए । उनलाई सोही दिन प्रादेशिक अस्पतालको आइसोलेसनमा राखिएको थियो। उनी मुटुका बिरामी समेत थिए। रमणसँगै प्रदेश २ मा ९८ जना कोरोना संक्रमित निको भएर घर फर्किएका छन्। सबैभन्दा बढी बीरगंजबाट निको भएर फर्किएका छन्।

# कर्मचारीलाई प्रोत्साहन रकम

काठमाण्डु । सरकारले कर्मचारीलाई प्रोत्साहन रकम उपलब्ध गराउने घोषणा गरेको छ। सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा युवराज खतिवडाले कर्मचारीको प्रोत्साहन रकममा वृद्धि गरिएको जानकारी दिए पनि रकममा भएको बढोत्तरीबारे स्पष्ट गर्नुभएन।

उहाँले सरकारी कर्मचारीका सन्तानलाई शिक्षा र आवासका निम्ति सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने बताउँदै कर्मचारीलाई रु एक लाखको कोभिड बीमाको प्रावधान बजेटमा समावेश गरिएको जानकारी दिनुभयो।

कोभिड-१९ को महामारीका कारण उत्पन्न असामान्य अवस्थामा सार्वजनिक भएको आगामी आवको बजेटमा परिस्थितिजन्य प्राथमिकता र आवश्यकतालाई दृष्टिगत गरी तर्जुमा गरिएका कार्यक्रमलाई रकम विनियोजन गरिएको छ भने पर्याप्त स्रोत जुट्ने स्थिति नरहेकाले तलबभत्तालगायत सुविधा वृद्धिको व्यवस्था यो वर्ष हुन नसकेको हो।

यसैगरी कोभिड-१९ विरुद्धको लडाइँमा अग्रपङ्क्तिमा जुटेका कर्मचारीलाई बाहेक अन्यलाई आगामी आवदेखि कुनैपनि किसिमको भत्ता उपलब्ध गराइने छैन। रासस

# सर्भाइकल र स्तन अर्बुदरोगको निःशुल्क स्वास्थ्य परीक्षण

काठमाण्डु । सरकारले ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिको विकासमा जोड दिएको छ।

अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्मा सरकारको आव २०७७/७८ को बजेट प्रस्तुत गर्दै सरकारले आर्थिक रुपले विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, लोपोन्मुख र सीमान्तकृत समुदायलाई राज्यबाट विशेष सुरक्षा र संरक्षण प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने बताउनुभयो।

मन्त्री खतिवडाले महिलाहरुमा हुने सर्भाइकल र स्तन अर्बुदरोग जस्ता घातक रोग पहिचान र उपचारका लागि निःशुल्क स्वास्थ्य परीक्षण गरिने बताउनुभयो। रासस

# लकडाउन उल्लंघन गर्दै दिइएको पाठ्यपुस्तकको लिइयो रकम

टुडे समाचारदाता

जनकपुरधाम । कोरोना संक्रमणबाट जोगिन लगाइएको लकडाउनको शिक्षक तथा



प्रधानाध्यापकले उल्लंघन गर्दै आएको पाइएको छ। धनुषामा बालबालिकालाई भेला पारेर पाठ्यपुस्तक बितरण गरिएको छ।

पछिल्लो पटक शहीद नगरपालिका ७ स्थित एसएनआर जनता माध्यमिक विद्यालयले बालबालिकाको भेला पारी पाठ्यपुस्तक बितरण गरेका छन्। वडा नम्बर ७ धबौलीको यो विद्यालयले झण्डै २ सयभन्दा बढी बालबालिकालाई भेला पारेर शिक्षकले पाठ्यपुस्तक बितरण गरेका छन्। कोरोना संक्रमणबाट जोगिन जारी लकडाउनको उल्लंघन गर्दै बालबालिकाको भेला पारिएको हो। पाठ्यपुस्तक बितरणमा खटिएका शिक्षक रबीन गोहिबार यादवले प्रधानाध्यापकको निर्देशनमा बालबालिका भेला पारिएको बताए। उनले भेला पारिएपनि दूरी कायम गर्न धेरै प्रयास गरेपनि बालबालिकाले नै नमानेको बताए। प्रदेश २ मै कोरोना संक्रमित दिन प्रति दिन बढ्दै गएपनि शिक्षक नै सचेत भएका छैनन्। यो विद्यालयलका प्रधानाध्यापक श्रीप्रसाद गोहिबारले बालबालिकासँग पाठ्यपुस्तकको नाममा रकम समेत असुली गरेका छन्। पाठ्यपुस्तक लिन गएका कक्षा ९ का छात्र पप्पु यादवले आफूसँग रु ४ सय ८० लिएको बताए।

रकम लिने प्रअ श्रीप्रसादसँग बारम्बार टेलिफोन सम्पर्क गर्दा समेत उनले फोन उठाएनन्। यो प्रअ त्यहीं हुन जसलाई शहस्द नगरपालिकाका मेयर उदय बरबरियाले फागुन २०७४ मा निलम्बन गरेका थिए। तर पछि प्रअ गोहिबार सोर्स लगाएर पुनः प्रअ पदमै कायम हुन सफल भएका छन्।

# दलित सरोकारवालाहरुद्वारा जिप्रका धनुषामा ज्ञापनपत्र'

टुडे समाचारदाता

जनकपुरधाम। धनुषाका दलित संघ संस्थाहरुले रुकुम र रुपन्देही घटनाका दोषीमाथि कारवाहीको माँग गर्दै जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत गृहमन्त्री रामबहादुर थापा 'बादल'लाई ज्ञापन पत्र बुझाएका छन्।



धनुषाका नेपाल राष्ट्रिय दलित समाज कल्याण सघका अध्यक्ष रघुनाथ दास, महिला अधिकारकर्मी सुनिता राउत, महिला अधिकार मञ्चकी अध्यक्ष मुन्नी देवी दास, दलित महिला संघकी अध्यक्ष शर्मिला देवी महरा, दलित अधिकार परिषदका अध्यक्ष चन्देश्वर दास, नेपाल राष्ट्रिय मुसहर संघका अध्यक्ष चन्देश्वर सादा, तराई मानव अधिकार रक्षक संजालका विनोद महरा, राष्ट्रिय दलित पत्रकार संघका प्रदेश अध्यक्ष केलास दास, जिल्ला अध्यक्ष कुलदीप दास प्रेम लगायतका व्यक्तिहरुले सामूहिक रुपमा दोषीमाथि कारवाहीको माँग गर्दै ज्ञापन पत्र बुझाएका हुन्। रुकुमपश्चिम चौरजहारी नगरपालिका ८ निवासी वीर बहादुर मल्ल र प्रकाशी मल्लकी छोरी सुष्मा मल्ल र जाजरकोट जिल्ला भेरी नगरपालिका ४ का नवराज विकबीचको प्रेम सम्बन्ध केटाकेटीको सहमतिमा विवाहमा परिणत हुने क्रममा जेठ १० गते सामूहिक हत्या गरिएको जनाइएको छ।

जाजरकोट भेरी-४, रानागाउँका २० वर्षीय नवराज विक, टीकाराम सुनार र गणेश बुढामगरको पनि हत्या हुनुका साथैसँगै गएका सन्दीप विक, लोकेन्द्र सुनार र गोविन्द शाही बेपत्ता छन्।

कथित जातीय उचनीचका नाममा प्रेम विछोड गराउन त्यहाँ मच्चाइएको रक्तपात हाम्रो सामाजिक चेतनामाथिकै नमेटिने कलंक हो। यस नरसंहारपूर्ण अत्यन्तै अमानवीय र बर्बरतापूर्ण मानवता विरोधी यस हत्याकाण्डको विज्ञप्तिमा निन्दा पनि गरेको छ।

त्यस्तै रुपन्देही जिल्लाको देवदहमा १३ वर्षीया स्थानीय दलित बालिका अंगिरा पासीलाई २५ वर्षीय हत्या भएको जनाइएको छ।

वर्तमानमा रुकुमपश्चिम चौरजहारीको घटनाको छानबिन गर्न गृह मन्त्रालयले सहसचिवको नेतृत्वमा एक समिति गठन गरेको छ। उक्त टोलीले रुपन्देहीको घटना समेत छानविन गर्न दलित अगुवाहरुले माँग गरेका छन्।

# सर्लाहीका ७ नयाँ संक्रमित सदरमुकाम मलंगवाका

टुडे समाचारदाता

मलगंवा । सर्लाहीमा पछिल्लो पटक फेला परेका सात जना कोरोना संक्रमित सदरमुकाम मलंगवाकै भएको खुलेको छ। एक साताअघि उनीहरु भारतबाट आएर क्वारेन्टाइनमा बसेका थिए।

मलगंवा नगरपालिका वडा नम्बर ३, ६, ९ र ११ का ७ जना संक्रमित पाइएको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले जानकारी दिए। उनका अनुसार १७, १८, २१, २६, ३१ र ३० बर्षका २ जना पुरुष संक्रमित देखिएका छन्।

उनीहरुलाई मलंगवास्थित अल्पमाई रामनारायण यादव नर्सिङ्ग कलेजको आइसोलेसन कक्षमा लगिएको उनले बताए।

# सप्तरीमा थप एक जना प्रहरी कोरोना संक्रमित

टुडे समाचारदाता

राजविराज। सप्तरीमा थप एक जना प्रहरी कोरोना संक्रमित देखिएका छन्। पछिल्लो पटक देखापरेका १२ जना संक्रमितमध्ये एक जना नेपाल प्रहरीका हबल्दार हुन्।

बोदे बर्साइनस्थित चन्द्र माविको क्वारेन्टाइनमा खटिएका उनी संक्रमित देखिएको सप्तरी प्रहरीका प्रबक्ता एवं डिएसपी तिलक भारतीले जानकारी दिए।

योसँगै सप्तरीमा संक्रमित प्रहरीको संख्या २ पुगेको छ भने प्रदेश २ भरि १३ जना पुगेको छ।

# चौथो अधिवेसन आह्वानपछि प्रदेश २ का सांसदको कोरोना परीक्षण शुरु

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश २ प्रदेश सभाको चौथो अधिवेसन शुरु भएपछि सांसद तथा कर्मचारीको कोरोना परीक्षण शुरु गरिएको छ।

पहिलो दिन उप सभामुख उपमा कुमारी देवसहित केहि सांसदको स्वाब संकलन गरिएको छ। सभामुख सरोज कुमार यादवका अनुसार बिहीबारदेखि शुरु भएको स्वाब संकलन तीन दिनसम्म गरिनेछ।

प्रदेशसभाको चौथो अधिवेसन आगामी जेठ २१ गते आह्वान गरिएको छ। प्रदेश प्रमुख तिलक परियारले नेपालको



संविधानको धारा १८३ को उपधारा १ बमोजिम जेठ २१ गते बुधबार दिनको १ बजे प्रदेश सभाको चौथो अधिवेसन आह्वान गरेपछि सांसद र कर्मचारीको स्वाब संकलन शुरु गरिएको सभामुख यादवले बताए।

उनका अनुसार प्रदेशका १ सय ७ जना सांसद, प्रदेश सभा सचिवालयमा खटिएका ७२ जना प्रहरी र ६० जना कर्मचारीको कोरोना परीक्षण हुनेछ।

# 'आगामी वर्ष पूर्ण खोपयुक्त नेपाल'

काठमाण्डु। सरकारले आगामी वर्ष नेपाललाई पूर्ण खोपयुक्त बनाउने भएको छ। सङ्घीय संसद्मा आर्थिक वर्ष २०७७/७८ को बजेट भाषण गर्दै अर्थमन्त्री डा युवराज खतिवडाले आगामी वर्ष नेपाललाई पूर्ण खोपयुक्त बनाउन आवश्यक बजेटको घोषणा गरिएको जानकारी दिनुभयो। सबै स्वास्थ्य संस्थाबाट पोषणका कार्यक्रम पनि सञ्चालन गरिने बजेटमा उल्लेख गरिएको छ।

**ज्येष्ठ र बालबालिकालाई मुटुको निःशुल्क उपचार**

ज्येष्ठ नागरिक तथा बालबालिकाको मुटुको निःशुल्क उपचार गर्न र क्षयरोग, एड्स तथा यौनरोग र कुष्ठरोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्न रु चार अर्ब २२ करोड बजेट विनियोजन गरिएको छ। यसैगरी केन्द्रीय अस्पतालबाट गरीब तथा विपन्न वर्गलाई प्रारम्भिक चरणको आपत्कालीन सेवा निःशुल्क गर्ने व्यवस्था मिलाइएको छ।

त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानको नेफ्रोलोजी तथा युरोलोजीलगायत जटिल रोगको अध्ययनअध्ययापन गर्नका लागि तथा तालीमसहितको विशिष्ट सेवा प्रदान गर्न मेडिकल सुपरस्टाबिलिटी केन्द्र स्थापना गरिने छ।

स्वदेशमा नै सङ्क्रामक सबै प्रकारका रोगको परीक्षण गर्नका लागि दक्ष प्राविधिक र आधुनिकीकरणसहितको अन्तरराष्ट्रियस्तरको राष्ट्रिय रोग निदान केन्द्र स्थापना गरिने बजेटमा उल्लेख गरिएको छ।

यसैगरी गङ्गलाल हृदय केन्द्र, परोपकार प्रसूति अस्पताल, मानवअङ्ग प्रत्यारोपण अस्पताल, कान्ति अस्पताल र वीर अस्पताललगायत विशिष्टीकृत अस्पतालले स्थानीय तहका स्वास्थ्य केन्द्रमा विशषेज्ञ चिकित्सकको सेवासहितको सेटलाइट तथा अनुसेवा क्लिनिक सञ्चालन गर्न र विशेषज्ञ सेवा नपुगेका दुर्गम स्थानका बिरामीका लागि भरपर्दो टेलिमेडिसिन सेवा सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। रासस


## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथुन | : भ्रमण अवसर हुने। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| बृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नारायणी अस्पताल आधुनिक बन्ने पक्का, डेढ अर्बको टेण्डर आव्हान

**टुडे समाचारदाता**

वीरगञ्ज । नारायणी उपक्षेत्रीय अस्पताल देशकै नमुना अस्पताल बन्ने पक्का भएको छ । प्रतिनिधि सभा सदस्य प्रदिप यादवको पहलमा अस्पतालको स्तरोन्नती हुन लागेको हो । केन्द्रिय अस्पताल अन्तर्गत ५ सय बेडको आधुनिक नयाँ अस्पताल बनाउन बाधा परेको कानूनी दाउपेच हटेसंगै देशकै नमुना अस्पताल बन्ने पक्का भएको हो ।

करिब डेढ अर्ब रुपैयाँ लागतमा बनाउन लागिएको अस्पतालको ठेक्का कानूनी बाधा हटेसंगै अस्पताल बन्ने बाटो खुलेको सांसद यादवले बताए ।

आफ्नै कार्य कालमा यस अस्पताललाई देशकै नमुना अस्पताल बनाउने लक्ष्य लिएर अगाडी बढेका सांसद यादवकै पहलमा पर्साका चारवटै निर्वाचन क्षेत्र सांसदहरुको टोलीले केन्द्रिय अस्पताल र आधुनिक अस्पताल बनाउन तत्कालिन स्वास्थ्य मन्त्री उपेन्द्र यादवसंग उपक्षेत्रीय अस्पतालबाट केन्द्रिय अस्पतालमा परिणत गराउन माग गरेका थिए । अस्पताललाई आधुनिक बनाउनका लागी तत्कालिन शहरी विकास मन्त्री मोहमद ईस्तयाक राईको निर्णयले नारायणी अस्पतालका लागी डेढ अर्बको टेण्डर त्यही बेला आह्वान भएको थियो ।




नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावलीमा २०७६ वैशाख ३० गतेको संशोधनले मूल नियमको नियम ३१ (ङ) को (१) मा रहेको एक अर्बलाई दुई अर्ब कायम गरिएको थियो । सोहि संशोधित नियमावली बमोजिम बोलपत्रको अन्तिम म्याद थपका लागी २०७६ साल जेठ २१ गते संशोधित नियमावली बमोजिम बोलपत्र प्रस्ताव पेश गर्न सार्वजनिक सूचना समेत प्रवाह गरिएको थियो । उक्त सूचना प्रकासित हुने बितिकै उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा मुद्दा दायर भएको थियो । जसले गर्दा टेण्डर रोकिएर प्रकृया प्रभावित भएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालयका ईन्जिनियर धिरेन्द्र यादवका अनुसार मुद्दा फछ्र्योट गर्दै अस्थायी इजलास वीरगंजले दुबै पक्षको लिखित जवाफ २०७६ को असोज २५ गते सघन सहरी तथा भवन निर्माण आयोजनालाई निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमवालि संसोधन हुनु अघि अनुसार नै बोलपत्र मुल्यांकन समाबेश गर्न परमादेश गरेको थियो ।

सोही अदालयतको आदेश बमोजिम उक्त एकमात्र बोलपत्रदातालाई मुल्यांकन कार्यमा समाबेश गरि मुल्यांकन गरिएको थियो । मुल्यांकन हुदाँ सार्वजनिक खरिद (आठौं) संसोधन नियमावली, २०७६ को नियम ६० को बुदा (घ) बमोजिम एकमात्र बोलपत्रदाता पूर्णताको परिक्षणमा सफल हुन नसकेकोले बोलपत्र रद्ध भएको थिए । त्यहीँ रद भएको बोलपत्रलाई आज कानुनि प्रावधान हट्दे अदालतले प्रकृयागत रुपमा मिति २०७७ जेष्ठ १५ गते अर्थात आज बोलपत्र अव्हान गर्न आदेश दिइसकेको आयोजना कार्यालयका ईन्जीनियर यादवले जानकारी गराए । आदेशसंगै आज नेपाल समाचार पत्रमा टेण्डर अह्वान भएको छ । ३ वर्ष भित्र निर्माण सम्पन्न गर्नुपर्ने ५ तल्लेको ३ वटा ब्लक बनाईने यस बिल्डीङ्गको पुन फाउण्डेशनलाई रिभ्यू गरिएको छ । पहिलाको डिजाईनलाई थोरै मोडिफाई गरेर अझै आधुनिकतालाई प्राथमिकता दिएको कार्यालयका ईन्जीनियर यादवले बताए ।

टर्सरी अस्पताल अञ्चल अस्पताल भन्दा माथिल्लोस्तरको अस्पताल बन्न लागेको नारायणी अस्पताल नयाँ भवनमा एक सय वटा आधुनिक बेड सहितको शौचालय, व्यक्तिगत वार्ड, चिकित्सक वार्ड, अक्सिजन प्लान्ट, ७ वटा अपरेशन थिएटर, स्तरिय शौचालय, वाटर ट्रिटमेन्ट र ग्राउण्ड एरियामा रुख विरुवा सहितको बगैचा निर्माण हुने योजनामा रहेको छ ।

१ सय बेडमा ३ वटा ब्लक, ३ हजार ३ सय स्क्वार मिटरको ग्राउण्ड एरिया रहेको ५ तल्ले बिल्डङ्गमा गार्डेनिङ्ग रुखहरु रोप्ने लगायतको कामहरु हुनेछ । केन्द्रिय अस्पताल परिणतसंगै २ सय बेड चल्दै आएको अस्पताललाई तत्काले ३ सय बेड सञ्चालन गराइएको थियो । कुल ५ सय बेड सञ्चालन हुने अस्पतालको दोस्रो बजेट तथा सरकारीस्तरमा मेडिकल कलेज सञ्चालनका लागी यहाँका राजनितिक दल केन्द्रसंग संघर्षरत छन् ।

## सामाजिक सुरक्षा अनिवार्य र सर्वव्यापी

काठमाण्डु । सरकारले सामाजिक सुरक्षालाई क्रमशः जीवनचक्रमा आधारित अनिवार्य र सर्वव्यापी बनाउने भएको छ । सङ्घीय संसद्को संयुक्त बैठकमा बिहीबार आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा युवराज खतिवडाले आर्थिकरुपले विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका, एकल महिला, बालबालिका, लोपोन्मुख र सीमान्तकृत समुदायलाई राज्यबाट विशेष सुरक्षा र संरक्षण प्रदान गरिने बताउनुभयो ।

उहाँले हालसम्म दिइँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइएको बताउनुभयो । सामाजिक सुरक्षा भत्ताका लागि रु ६७ अर्ब ५० करोड विनियोजन गरिएको छ । सबै स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन गरिने छ । आगामी आर्थिक वर्ष बाँकी स्थानीय तह र वडामा केन्द्र विस्तार गरिनेछ । सरकारले शुरु गरेको ज्येष्ठ नागरिक बीमा कार्यक्रमबाट तीन लाख व्यक्ति लाभान्वित भइसकेका छन् । आगामी वर्ष थप तीन लाखलाई सो सेवा उपलब्ध गराइनेछ । चालू आवमा तीन लाखले विपन्न स्वास्थ्य सेवा प्राप्त गरेकामा आगामी वर्ष थप चार लाख परिवारले सो सुविधा प्राप्त गर्ने व्यवस्था मिलाइएको छ । सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन प्रोत्साहित गरिने सरकारले सबै श्रमिक तथा कामदारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सबै प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन प्रोत्साहित गर्ने भएको छ ।रासस

# विशेष आर्थिक प्याकेज उपलब्ध गराउन मुख्यमन्त्रीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले प्रदेश २ लाई विशेष आर्थिक प्याकेज उपलब्ध गराउन सङ्घीय सरकारसँग माग गरेका छन् ।

मुख्यमन्त्री राउतले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्र लेखी कोरोनाविरुद्ध लडाइँका लागि विशेष प्याकेज उपलब्ध गराउन माग गरेका हुन् । भारतसँगको खुला सिमाना तथा भारतमा रोजगारी गर्दै आएका नागरिकको स्वदेश फिर्तीले प्रदेशमा कोरोनाको सङ्क्रमण बढ्ने खतरा रहेको अवस्थामा हालको व्यवस्थापन अपुग देखिएकाले थप व्यवस्थापनका लागि विशेष प्याकेज उपलब्ध गराउन उनले माग गरे ।

मुख्यमन्त्री राउतले लकडाउनका कारण दैनिक जीवनयापनमा समस्या भोगिरहेका नागरिकलाई प्रदेश सरकारले स्थानीय तहको समन्वयमा दुई चरणको राहत वितरण गरे पनि लकडाउन थपिँदै जाँदा प्रदेशको भौगोलिक अवस्था, जनसाङ्ख्यिक बनोट, मानव विकास सूचकाङ्क र सामाजिक विकासको अवस्थासमेतका आधारमा प्रदेश सरकारले मात्र खाद्यान्नसहितको राहत उपलब्ध गराउन चुनौतीपूर्ण रहेकाले सङ्घीय सरकारबाट ठोस कार्यक्रम ल्याउन आग्रह गरे ।

उनले कोरोना परीक्षणका लागि प्रदेश सरकारले तीन स्थानमा पिसिआर परीक्षण सञ्चालन गरे पनि भिटिएम किटको अभावमा अपेक्षित परीक्षण गर्न नसकिएकाले सङ्घ सरकारलाई यथाशीघ्र भिटिएम किट, आवश्यक उपकरण, दक्ष जनशक्ति र स्वास्थ्य सामग्री उपलब्ध गराउनसमेत माग गरे ।

यसका साथै वैदेशिक रोजगारीमा रहेका प्रदेशका करिब १० लाख युवा स्वदेश फिर्ता हुनसक्ने सम्भावनालाई दृष्टिगत गर्दै प्रदेशमा युवा रोजगार कार्यक्रम, कृषि केन्द्रित विशेष योजनाका लागि समेत विशेष आर्थिक प्याकेज उपलब्ध गराउन उनले माग गरे ।

# सर्लाहीमा साताको दुई दिन बजार र बैंक खुल्ने

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीमा कोरोना भाइरस संक्रमितको संख्या एकाएक बढ्न थालेपछि सदरमुकाम मलंगवा सहित जिल्लाका सबै स्थानीय तहमा बन्दाबन्दी(लकडाउन)लाई थप प्रभावकारी बनाउन ६ बुँदे निर्णय गरिएको छ ।



विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस(कोभिड-१९)को संक्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारद्धारा जारी लकडाउनको आदेशलाई जिल्लामा प्रभावकारी ढंगले कार्यान्वियन गर्ने विषयमा सोमबार जिल्ला समन्वय समितिका सभापति मेथुर चौधरीको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख ,सशस्त्र प्रहरी प्रमुख, अनुसंधानका प्रमुख तथा जिल्लाका २० वटै स्थानीय तहका प्रमुखहरु बिच सम्पन्न बैठकबाट ६ बुँदे निर्णय गरिएको हो ।अर्को निर्णय नभए सम्म साताको दुई दिन आइतवार र बुधबार बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म खाद्यान्न पसल, बैंक तथा वित्तिय संस्थाहरु खोल्न पाउने छ । औषधि पसल, ग्याँस डिपो, पेट्रोल पम्प र दुध बिक्रीवितरण गर्ने पसलको हकमा भने उक्त नियम लागू नहुने जिल्ला समन्वय समितिका सभापति चौधरीले जानकारी दिए ।

यस्तै जिल्लाका कुनै पनि स्थानमा हाट बजार नलगाउने तथा तरकारी बिक्री वितरण सम्बन्धित बिक्रेताले ठेलामा वा अन्य प्रकारले घर-घरमा लगेर बेच्ने निर्णय भएको छ ।

जिल्लाका सबै स्थानीय तहमा स्वाब संकलन गरी परीक्षण गर्ने गराउने व्यवस्थाको लागि आवश्यक जनशक्ति तथा भि.टि.एमको उचित व्यवस्थापन सम्बन्धित स्थानीय तहले आफैं मिलाउने, स्वाब परीक्षण गर्न सबै स्थानीय तहले कम्तीमा ३ जना स्वास्थ्यकर्मीलाई तालिमको व्यवस्था गरी क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको यथाशिघ्र आरडीटी टेष्ट र पीसीआर गराउने, क्वारेन्टाइनमा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सबै स्थानीय तहहरुले आवश्यक स्वयंसेवक खटाउने व्यवस्था मिलाई सुरक्षा निकायहरुलाई सहयोग गर्ने, सबै स्थानिय तहहरुमा आइसोलेसन वार्डको लागि यथासम्भव स्थान पहिचान गरि आवश्यक तयारी अगाडि बढाउने र सबै स्थानिय तहबाट सञ्चालित क्वारेन्टाइनलाई थप व्यवस्थित बनाउँदै बेडको क्षमता बढाउँदै जाने निर्णय गरिएको सभापति चौधरीले बताए ।

बजारहरुमा भीडभाड बढेपछि र संक्रमितको संख्या पनि बढ्दै गएपछि थप सुरक्षा सतर्कता बढाउनका लागि यस्ता निर्णयहरु गरिएको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताए ।

# सिरहामा संक्रमितको संख्या १४ पुग्यो

**मुकेश कुमार यादव**

लहान । बिहीबार ६ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै सिरहामा संक्रमितको संख्या १४ पुगेको छ । बुधबार २ जनामा कोरोना पुष्टि भएकोमा बिहीबार थप ६ जनामा कोरोना संक्रमित पुष्टि भएको सिरहाका प्रमुख जिल्ला अधिकारी सरोज कुमार गुराँगाईले बताए। थपिएका ६ जना मध्ये बरियारपट्टी गाउँपालिका वडा नम्बर १ मा १ जना, वडा नम्बर २ मा १ जना, वडा नम्बर ४ मा १ जना वडा नम्बर ५ मा १ जना र लक्ष्मिपुर पतारी गाउँपालिका वडा नम्बर ३ मा एक जना र औरहि गाउँपालिका वडा नम्बर ५ मा १ रहेको छ । संक्रमितहरु भारतबाट आएका हुन् । यसअघी सखुवानान्कारकट्टी गाउँपालिकाकाएकजना,भगवानपुर गाउँपालिकाका ४ जना, नवराजपुर गाउँपालिकाका १ जना जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रमुखका अंगरक्षक र गाडी चालक गरी ८ जना पुष्टि भइसकेको छ । उनीहरुलाई आइसोलेसनमा राखी उपचार भइरहेको जिल्ला जनस्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

**सूर्तिजन्य पदार्थको सेवनले कोरोना भाइरसको संक्रमण हुने जोखिम बढाउँछ ।**

**सूर्तिजन्य पदार्थको सेवन नगरौं, कोरोना भाइरसको संक्रमण हुनबाट बचौं र बचाऔं ।**



सूर्तिजन्य पदार्थको सेवनले शरीरको फोक्सो सहित हरेक अंगलाई क्षति पुऱ्याउँछ। यसको सेवनले रोग लाग्नुका साथै अपाङ्गता पनि हुन सक्छ ।

कोरोना भाइरसले फोक्सोलाई क्षति पुऱ्याउँछ। सूर्तिजन्य पदार्थ सेवन गर्नेहरुको फोक्सोमा समस्या पहिले नै भैसकेको हुन्छ । कोरोना भाइरसले झन् बढी क्षति पुऱ्याउँछ ।

सूर्तिजन्य पदार्थको सेवनले शरीरको रोग प्रतिरोधात्मक शक्तिलाई असर गर्दछ र संक्रमण हुने संभावनालाई बढाउँछ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र ।

## २७२ अस्पताल निर्माण गरिने

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ मा २७२ वटा अस्पताल निर्माण गर्ने भएको छ । बिहीबार सङ्घीय संसद्मा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा युवराज खतिवडाले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न २७२ वटा स्थानीय तहमा २७२ वटा अस्पताल निर्माण गर्ने बताउनुभयो ।

उहाँले सबै स्थानीय तहमा पाँचदेखि १५ श्ययाका आधारभूत अस्पताल निर्माण गर्ने नीतिअनुरुप ती स्थानीय तहमा अस्पताल निर्माण गर्नका लागि बजेट विनियोजन गरिएको बताउनुभयो । अस्पताल निर्माण गर्न रु १४ अर्ब २७ करोड बजेट विनियोजन गरिएको बताउनुभयो ।

यसैगरी साविकका जिल्ला र अञ्चल अस्पतालको स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । एक चिकित्सक एक स्वास्थ्य संस्थाको व्यवस्था शुरुआत आगामी आर्थिक वर्षमा गरिने बजेटमा उल्लेख गरिएको छ । स्थानीय तहका स्वास्थ्य संख्यामा चिकित्सकको व्यवस्था गरी नसर्ने रोग जाँचसहितको आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन रु पाँच अर्ब १० करोड वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको बताउनुभयो ।

यसैगरी तीन वर्षभित्रमा सबै नागरिकमा स्वास्थ्य सेवा पुग्ने गरी आगामी वर्ष सबै स्थानीय तहका ४० प्रतिशत जनसंख्यालाई बीमाको दायरामा ल्याउने बजेटमा उल्लेख गरिएको छ । रासस

## विदेशमा अलपत्र नेपाली ल्याउन बजेट विनियोजन

काठमाण्डु । सरकारले विदेशमा अलपत्र नेपाली फर्काउन आवश्यक बजेट विनियोजन गरेको छ । अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्दै विदेशमा गम्भीर स्वास्थ्य जोखिममा परेका, रोजगारी गुमाएका, प्रवेशाज्ञाको म्याद समाप्त भएका तथा अन्य कारणले अलपत्र नेपालीलाई स्वदेश फर्काउने कार्यका लागि बजेट विनियोजन गरिएको जानकारी दिनुभयो ।

कोरोना महामारीले विश्वव्यापी प्रभाव पारेसँगै थुप्रै नेपाली विदेशी भूमिमा अलपत्र छन् । केहीले कोरोना भाइरसकै कारण रोजगारीसमेत गुमाएका छन् । अनौपचारिक तथ्याङ्कानुसार भारत, खाडी र मलेसियाबाट मात्र करीब छ लाख नेपाली रोजगारी गुमाएर स्वदेश फर्कंदै छन् ।रासस

## डुबेर बालकको मृत्यु

राजविराज । सप्तरीको रुपनी गाउँपालिका-२ पौवामा एक बालकको पानी जमेको खाल्डोमा डुबेर मृत्यु भएको छ । घर नजिकै खेलिरहेका सियाराम मण्डलका १६ महिने छोरा आयुष मण्डलको बिहीबार डुबेर मृत्यु भएको हो ।

खाल्डोमा लडेर अचेत भएका बालकलाई उपचारका लागि नजिकैको युनिक अस्पतालमा भर्ना गरिएको थियो ।उपचारको क्रममा बालकको मृत्यु भएको परिवारका सदस्यले बताएका छन् ।

प्रहरी टोली घटनास्थलमा पुगी अनुसन्धान शुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । रासस

## घरायसी ग्राहकलाई १० युनिटसम्मको विद्युत् निःशुल्क

काठमाण्डु । सरकारले घरायसी विद्युत् उपभोग गर्ने ग्राहकलाई १० युनिटसम्म निःशुल्क गरेको छ । लामो समयदेखि कम विद्युत् उपभोग गर्नेलाई विशेष छुट दिनुपर्ने भन्ने मागलाई सरकारले सम्बोधन गरेको छ ।

अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुहुँदै उक्त घोषणा गर्नुभएको हो । यस्तै सरकारले १५० युनिटसम्म विद्युत् प्रयोग गर्नेलाई २५ प्रतिशत र २५० युनिटसम्म विद्युत् प्रयोग गर्नेलाई १५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

यस्ते माग कम हुने समयमा विद्युत् उपभोग गर्ने ग्राहकलाई समेत सरकारले छुट दिने व्यवस्था गरेको छ । यस्ते उद्योगलाई डिमाण्ड शुल्कमा समेत छुट दिइने भएको छ । लकडाउनका कारण बन्द भएका उद्योग व्यवसायको विद्युत् महशुलमा समेत छुट दिने प्रबन्ध गरिएको छ ।

यस्ते खानेपानीतर्फको विद्युत् महसुलमा समेत छुट दिने

**यस्तै सरकारले १५० युनिटसम्म विद्युत् प्रयोग गर्नेलाई २५ प्रतिशत र २५० युनिटसम्म विद्युत् प्रयोग गर्नेलाई १५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।**

व्यवस्था गरिएको छ । आन्तरिक रुपमा विद्युत् खपत बढाउने लक्ष्यका साथ सरकारले उक्त व्यवस्था गरेको हो । लकडाउनका समयलाई ध्यानमा राखेर सरकारले यसअघि नै १५० युनिटसम्म विद्युत् खपत गर्नेलाई २५ प्रतिशत र उत्पादनमूलक उदोगका लागि ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरिएको थियो ।रासस

# १३ सय मेगावाट विद्युत् थप हुने

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षभित्र नेपालको विद्युत् प्रणालीमा एक हजार ३०० मेगावाट विद्युत् थप गर्ने भएको छ । हाल निर्माणाधीन जलविद्युत् आयोजना सम्पन्न गर्ने र निर्माणमा रहेका आयोजनालाई गति दिई अगाडि बढाउने लक्ष्यसमेत राखिएको छ ।

चालू आवमा नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको माथिल्लो तामाकोशी, रसुवागढी, साञ्जेन तथा मध्यभोटेकोशी जलविद्युत् आयोजना आगामी आवमा सम्पन्न गरेरै छाडिने सरकारको योजना रहेको छ । कूल ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीको प्रमुख भौतिक पूर्वाधारको काम चालू आवको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आगामी भदौ/असोजसम्म आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ । हाल सो आयोजनाको भौतिक प्रगति ९९.५ प्रतिशतको हाराहारीमा पुगेको छ । सबैभन्दा जटिल मानिएको दुई वटा ठाडो सुरुङमा पाइप जडानको कामसमेत अन्तिम चरणमा पुगेको छ । तोकिएअनुसार काम भएको खण्डमा राष्ट्रिय गौरवका आयोजनामध्ये माथिल्लो तामाकोशी नै सबैभन्दा पहिले सम्पन्न हुने आयोजनाका रुपमा दर्ज हुने भएको छ ।

यस्ते १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनासमेत आनगामी आवमा नै सम्पन्न हुनेछ । अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्मा पेश गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा अघिल्ला वर्षमा जस्ते ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ ।

यस्ते साञ्जेनका दुई आयोजनासमेत आगामी आवमा नै सम्पन्न हुने भएका छन् । माथिल्लो साञ्जेन १४.८ मेगावाट क्षमताको हो भने तल्लो साञ्जेन ४२.५ मेगावाट क्षमताको हो ।

यस्ते १०२ मेगावाट क्षमताको मध्यभोटेकोशीसमेत आगामी आवमा नै सम्पन्न हुनेछ । कोरानाको सङ्क्रमण रोक्नका लागि सरकारले लकडाउन जारी राखेका कारण निर्माणाधीन आयोजनाको काम पर धकेलिएको छ । यस्ते आगामी आवमा निजी क्षेत्रका केही महत्वपूर्ण आयोजनासमेत सम्पन्न हुनेछन् ।

यस्ते सरकारले नदी प्रवाही, अर्धजलाशय तथा जलाशयुक्त आयोजनालाई समेत विशेष प्राथमिकतामा राखी काम अगाडि बढाइने भएको छ । ऊर्जा मिश्रण तथा सुरक्षाका लागि अर्धजलाशय तथा जलाशयूक्त प्रकृतिका आयोजनालाई सरकारले विशेष प्राथमिकतामा राखिएको हो ।

यस्ते दूधकोशी जलाशयुक्त आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाइने भएको छ । विभिन्न चार अन्तराष्ट्रिय सहवित्तियकरण ढाँचामा लगानी गर्ने व्यवस्था मिलाइएको अर्थमन्त्री डा खतिवडाले जानकारी दिनुभयो ।

सो आयोजनामा नेपाल विद्युत् प्राधिकरणले संस्थागत जमानीमा निश्चित अंश बाह्य लगानी परिचालन गर्ने भएको छ । यस्ते नेपालको पानी जनताको लगानी कार्यक्रमअन्तर्गत माथिल्लो अरुण, किमाथांका अरुण, तामाकोशी-५, चैनपुर सेती जगदुल्ला, फुकोट कर्णालीलगायतका आयोजनाकोसमेत निर्माण शुरु गरिने सरकारको बजेटमा समावेश गरिएको छ ।

त्यस्ते सरकारले राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी, पश्चिम सेती, नलगाड, आँधीखोला, उत्तरगङ्गा कर्णाली चिसापानी, नौमुरेलगायतका आयोजनाको समेत लगानी ढाँचा तय गरी निर्माण अगाडि बढाउने बजेट वक्तव्यमा उल्लेख छ ।

यसैगरी तमोर जलाशययुक्त आयोजना र माडी जलाशययुक्त आयोजनाको अध्ययन सम्पन्न गर्ने लक्ष्यसमेत बजेटले लिएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दुखद घटना

धनुषा जिल्लाको जटही बोर्डरको भारतीय भूमीमा एकजना नेपाली युवकको अत्यन्त पीडादायी मृत्यु भएकोछ ।अन्न र पानी नपाएर उनको मृत्यु भएको बताइएकोछ ।धनुषा जिल्लाकै सहिदनगर नगरपालिका घर भएका ३० वर्षिय युवक रोजगारीकालागि भारतको गुजरात गएका थिए ।माघ महिनामा गुजरात गएका युवक त्यहाँ २ महिना काम गर्न नपाउँदै लकडाउन भयो ।उनी बेरोजगार भए ।गुजरातमा बस्दा भोजन समेतको समस्या भएपछि उनी मातृभूमी नै फर्किने निधो गरे ।त्यसपछि उनी पैदल नै घरका लागि प्रस्थान गरे ।कहिले पैदल त कहिले ट्रकमा गरी उनी २० दिन लगाएर नेपाली सीमामा आइपुगे ।२० दिन लामो यात्रामा उनी न कहिँ राम्ररी पाकेको अन्न खान पाए, न तिर्खा मेटिने गरी पानी पिउन पाए ।भोकप्यासले छटपटिदै गरेको २० दिन लामो यात्रापछि उनी जटही आइपुग्दा आश जागेको थियो ।तर जिउ गलिसकेर उनी जटही नाकामा आफन्तलाई बोलाए ।आफन्तपनि मद्दतका लागि एम्बुलेन्स सहित त्यहाँ पुगे ।तर ५ सय मिटरको दुरी तय गरेर भारतीय सीमामा जान नपाएर आफन्तहरुले उनलाई कुनै मद्दत गर्न सकेनन् ।आफन्त उनी सम्म पुग्न व्यग्र थिए ।तर भारतीय भूमीमा युवक मृत्युसित संघर्ष गरिरहेका थिए ।२०दिनदेखि मृत्युलाई जित्दै जटही सम्म पुगेका युवा अन्ततःमृत्युसित हारे ।सीमामै उनको मृत्यु भयो ।त्यसपछि नेपाली र भारतीय सुरक्षाकर्मीहरुको सबै घेरा तोड्दै भारतीय भूमिमा रहेका २ सय बढी नेपालीहरु नेपाल प्रवेश गरे ।नेपालमा प्रवेश गरेका उनीहरुलाई प्रहरीले केहि बस व्यवस्थागरि सम्बन्धित पालिकाको क्वारेन्टाइन सम्म पुर्‍याउने काम गरे ।नेपाली सेनाले युवकको शवलाइ पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा ल्याए ।त्यहाँ स्वास्थ्यकर्मीहरुले उनको स्वाब लिए ।स्वाब परीक्षणपछि आउने नतिजा अनुसार युवकको अन्तिम कृया हुनेछ ।रिपोर्टमा कोरोना भाइरस संक्रमति देखिए नेपाल सरकारले तोके अनुसार अन्तिम संस्कार गरिनेछ ।अब यी सबै प्रकृयाहरु निर्धारित मापदण्ड अनुसार अगाडी बढनेछ ।तर युवकलाई समयमै स्वास्थ्य केन्द्र सम्म पुर्‍याउन सकिएको भए बाँच्न सकिन्थे ।मृत्युसित संघर्ष गरिरहेका युवकलाई तत्काल उद्धारगरि अस्पताल अथवा नजिकको स्वास्थ्य केन्द्र सम्म लग्नुपर्ने जिम्मेवारीलाई सुरक्षाकर्मीहरुले बिर्से ।युवकलाई समयमै स्वास्थ्य केन्द्र सम्म लग्न सकेको भए बाँच्न सक्ने संभावना बढी थियो ।तर उनलाई बचाउन सुरक्षाकर्मीहरुले चासो लिएनन् ।एम्बुलेन्स सहित उद्धारका लागि पुगेका आफन्तहरुकै सहयोगमा पनि अस्पताल सम्म पुर्‍याउन सकिन्थ्यो ।मृतक युवक कोरोना भाइरस संक्रमित रहे नरहेको रिर्पोटबाट थाहा हुनेछ । अन्न र पानी बिना थलिएका युवक बेहोस भएर प्राण त्यागे ।सुरक्षाकर्मीहरुले सचेत भइर मानविय संवेदना बुभ्न्नुपर्छ ।उनीहरुले युवकलाई नछोएपनि उपचारका लागि पठाउन सक्थे ।नेपाली प्रहरीले पनि यस विषयमा भारतीय समकक्षीसित कुरा गर्न सक्थे ।यसमा सुरक्षाकर्मीहरुले चुकेकै हो ।भविष्यमा सचेत र संयमित भएर काम गर्नुपर्छ ।

# 'गणतन्त्र'का सरकार : वीरेन्द्रको मृत्युको जिम्मेबार

अडीट



धर्मेन्द्र झा

१३ औं गणतन्त्र दिवस, देशले हिजो मनायो । हिजै संघीय सरकारले आर्थिक वर्ष २०७७/७८का लागि संसद्मा वजेट पनि प्रस्तुत् गर्‍यो । तर दुखद, गणतन्त्र दिवसको पूर्वसन्ध्यामा मृत्यु वरण गरेका धनुषा शहीदनगर नगरपालिकाका ३० वर्षीय वीरेन्द्र गुरमैता यादवले उपर्युक्त दुवै अवसरबारे थाहा पाउन सकेनन् ।

उपलब्ध जानकारीअनुसार रोजगारीका क्रममा भारतमा रहेका गुरमैता कोरोनाको महामारी फैलँदै गएपछि आफू कार्यरत रहेको ठाउँबाट विस्थापित हुन बाध्य भए र पैदले नेपालस्थित आफ्नो घरतर्फको यात्रा थाले । समाचारहरुमा जनाइएअनुसार उनी छ दिनदेखि लगातार हिँडिरहेका थिए । उनी भोखै थिए । लकडाउनका कारण बाटोमा पसल र वजार बन्द थिए, उनले केही पनि खान नपाएको बताइएको छ । वीरेन्द्रले घर पुग्ने उत्साहमै शायद पूरै विदेशी भूमीको यात्रा भोखै पेटमा तय गरे ।

बडो मुश्किलले पिपरौन हुँदै जटही नाका पुगेका वीरेन्द्र आफ्नो देश आफ्नो भूमीमा टेकेपछि शायद निश्चिन्त भए, ढुक्क भए र आश्वस्त भए । तर उनी गलत थिए । लकडाउनले गाँजेको यस भूमीमा न त उनी निश्चिन्त हुन सके न त ढुक्क र आश्वस्त नै । शायद भोखले रन्थनिएका उनले आफ्नै भूमीमा पनि केही खान पाएनन् ।

भोलालाई सिरानी बनाएर निदाउने प्रयास गरेका वीरेन्द्र अन्ततः यसरी निदाए कि पुनः ब्युँतिने सम्भावनालाई सदाका लागि अन्त्य गरे । यस अवस्थाको जिम्मेबारी वीरेन्द्रसमेतको 'सहभागिता' मा स्थापित 'गणतन्त्र' र उनको 'भोट'का आधारमा चलेको 'संघीयता' अन्तर्गतका सरकारहरुले लिने कि नलिने ? अब केही दिन उनकै नाममा राजनीति हुन्छ, गरिन्छ । दल र नेताहरु विभाजित हुन्छन् । यशप्राप्तिको होडबाजी चल्छ । सम्भव छ, जटही नाकामा उनको शालिक पनि बनोस । उनको मृत्युपछि, जे सुकै होस उनले देख्ने छैनन् । उनी बाँचेर पुनः फर्कने छैनन् ।

रोजगारीका लागि विदेश पलायन भएको एक युवा आफ्नो जीवनको बाँकी समयको आश्वस्तताका लागि स्वदेश फर्कन्छ तर गणतान्त्रिक शासन व्यवस्था भएको उसको स्वदेशले उसका बारेमा कुनै खोजी खवर गर्दैन र एक छाक खाना नखुवाएर उसको जीवनयात्रालाई नाकामै टुंग्याउन भूमीका निर्वाह गर्छ भने उसका लागि कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर गणतन्त्रमा बनेको कागजको नयाँ नक्शाले के अर्थ राख्दछ ? प्रश्न अत्यन्त महत्वपूर्ण छ । प्रश्न यतिमा मात्र समाप्त हुँदैन । विदेशी भूमिमा रातोदिन घोटिएर स्वदेश पठाइने रेमिट्यान्सका आधारमा बन्ने देशको वजेटले जब वीरेन्द्रहरुको भावनालाई सम्बोधन गर्दैन र उनीहरु भोखै मर्न बाध्य हुन्छन् भने मधेशमा विगतमा सञ्चालित आन्दोलन र त्यसका भरमा बनेको सरकारमाथि प्रश्नचिन्ह तेर्सिन्छ कि तेर्सिंदैन ? निश्चय पनि नेपाली संघीय गणतन्त्रका सञ्चालक पात्रहरुले सोच्ने पर्दछ, वीरेन्द्रको मृत्युले नेपालको शासन व्यवस्थालाई राम्रै गरी व्यंग्य गरेको छ र हदैसम्म गिज्याएको छ ।

अहिले आएर शासनका तहहरुले एकले अर्कामाथि दोष पन्छाएर आफूले उन्मुक्ति खोज्नुको कुनै अर्थ छैन । गणतन्त्र दिवसका अवसरमा निश्चय पनि यो सन्दर्भ सबैका लागि महत्वपूर्ण छ । एकपटक सबैले सोच्नु अपरिहार्य छ । वीरेन्दको मृत्युपछि, प्रदेश र स्थानीय सरकारका तावेदारहरुले संघीय सरकारको सहयोग प्राप्त नभएको बताएर आफू साखुल्य पल्टिने दाउ हेरिरहेको छन् । उनीहरुलाई कसले बुझाओस, हो, काठमाडौमा रहेको सरकारले टाढाको कुरा नदेख्ने भएरै नसुन्ने भएरै प्रदेश र स्थानीय गरी जनताको नजिकै रहने गरी सरकारहरु बनाएको ।



> गणतन्त्र दिवसका अवसरमा निश्चय पनि यो सन्दर्भ सबैका लागि महत्वपूर्ण छ । एकपटक सबैले सोच्नु अपरिहार्य छ । वीरेन्दको मृत्युपछि, प्रदेश र स्थानीय सरकारका तावेदारहरुले संघीय सरकारको सहयोग प्राप्त नभएको बताएर आफू साखुल्य पल्टिने दाउ हेरिरहेको छन् । उनीहरुलाई कसले बुझाओस, हो, काठमाडौमा रहेको सरकारले टाढाको कुरा नदेख्ने भएरै नसुन्ने भएरै प्रदेश र स्थानीय गरी जनताको नजिकै रहने गरी सरकारहरु बनाएको । यी सरकारले पनि जनतालाइ देखेनन् र जनताका आवाज सुनेनन् भने स्वाभाविकरुपमा प्रश्न उठ्छ, त्यसो भए यिनको के काम छ त ? केही थान सासद, केही थान मन्त्री, केही थान सल्लाहकार र केही थान राजनीतिक नियुक्ति थप्नमात्र हालको शासन व्यवस्थाको कल्पना गरिएको हो ? वीरेन्द्रको मृत्युप्रति श्रद्धाञ्जलि अर्पण गर्नुअघि प्रदेश दुईका सरकार प्रमुख (मुख्यमन्त्री) बाट यस प्रश्नको उत्तर अपेक्षित छ । यसै सेरोफेरोमा यसपटक अलिकति कुरा गणतन्त्र र संघीयताको बारेमा गर्नु आवश्यक ठानिएको छ ।

यी सरकारले पनि जनतालाइ देखेनन् र जनताका आवाज सुनेनन् भने स्वाभाविकरुपमा प्रश्न उठ्छ, त्यसो भए यिनको के काम छ त ? केही थान सासद, केही थान मन्त्री, केही थान सल्लाहकार र केही थान राजनीतिक नियुक्ति थप्नमात्र हालको शासन व्यवस्थाको कल्पना गरिएको हो ? वीरेन्द्रको मृत्युप्रति श्रद्धाञ्जलि अर्पण गर्नुअघि प्रदेश दुईका सरकार प्रमुख (मुख्यमन्त्री) बाट यस प्रश्नको उत्तर अपेक्षित छ । यसै सेरोफेरोमा यसपटक अलिकति कुरा गणतन्त्र र संघीयताको बारेमा गर्नु आवश्यक ठानिएको छ ।

वैश्विक महामारी बनेको कोभिड-१९ को व्यवस्थापन, देशको नयाँ नक्शाको सन्दर्भ, छिमेकी मुलुकहरुसँगको सम्बन्ध, संविधान संशोधनको विषय, गतिहीन अर्थतन्त्र आदी यस्ते विषय हुन् जहाँ नेपालको गणतन्त्र सञ्चालनका सम्बन्धमा अनेक प्रश्न उब्जिएका छन् । वास्तवमा पछिल्लोपटक नेपालका सरकारहरु यी र यस्ते विषयमा यति धेरै अलमलिए कि वीरेन्द्रहरुबारे सोच्ने फुर्सदै भएन ।

सन्दर्भ वीरेन्दको मात्र होइन, जातीय संकीर्णताको परिणामका रुपमा रुकुम चौरजहारीमा छ जना युवकको स्थानीयद्वारा हत्या गरिँदा नेपाली गणतन्त्र र यसका सञ्चालकलाई दुख्यो कि दुखेन ? प्रेम गर्नु अपराध हो या होइन यसका बारेमा वहस गर्दै गरौला तर विवाह गर्ने नाममा जाजरकोटबाट रुकुम पुगेका ती छ जना युवकलाई कूटपिट गरेर पाता बाँधेर भेरी नदीमा फाल्ने कुराको अपेक्षा हाम्रो गणतन्त्रमा गरिएको थियो कि थिएन ? जातीय श्रेष्ठता कायम राख्ने नाममा भएको यो हत्या (अनर किलिंग)लाई आजको २१औं शताब्दीको कृत्य मान्न सकिँदैन । यस्ते रुपन्देहीमा वलत्कृत भएकी एक १३ वर्षीय वालिकालाई वलात्कार गर्ने २५ वर्षे युवकसँग नै विवाहका नाममा पठाइँदा गणतन्त्रको कुरुप स्वरुप प्रकट भयो कि भएन ? कानुनीरुपमा सजाय दिइनुपर्ने ती युवकसँग विवाहका नाममा जवर्दस्ती पठाइएकी ती वालिकको शव भोलीपल्ट नै रुखमा झुण्डिएको अवस्थामा भेटियो । उनको हत्या भयो कि आत्महत्या ? जुनसुकै अवस्थामा पनि पराजय त तिनै सामान्य वालिकको भयो । नेपालको संविधानअनुसार यहाँ संघीय लोकतान्त्रिक गणतन्त्रतामक व्यवस्था क्रियाशील छ । के यो व्यवस्थाले मानवअधिकारको रक्षाको कल्पना गर्दैन ? के यसले विधिको शासनको मान्यतालाई स्वीकार गर्दैन ? गर्दैन भने यो व्यवस्थाका सञ्चानलक गलत छन् भनेर मान्ने कि नमान्ने ?

आज संघीयताको कार्यान्वयन्को कुरा गरिरहँदा कोरोनाको संक्रमणले सबैको पोल खोलिदिएको छ । सबै तहको शासन व्यवस्था कमजोर देखिएको छ । दलहरुबीच विवाद छ । लोकतन्त्रमा यसलाई अत्यन्त स्वाभाविक मान्नुपर्ने हुन्छ । यसै अवस्थालाई देखाएर सरकार दायित्वबाट उम्किन मिल्दैन । सहमति खोज्दै गणतन्त्र र संबिधान कार्यानिवयन्को प्रक्रियालाई अगाडी बढाउने वाचा नेताहरुले हिजोसम्म गरेकै हुन । हालका दिनमा दलका शीर्षस्थ नेताहरुले संवाद प्रक्रियाबाट आफूलाई अलग राख्न थालेको अनुभव गरिएको छ, जो दुखदायी छ । नयाँ नक्शासहितको निशान छापका लागि संविधान संशोधन प्रस्तावका सन्दर्भमा यस्ते देखिएको छ । यो प्रस्तावको परिणाम हेर्न पनि वीरेन्द्र हामीमाझ हुने छैनन् । निश्चय पनि वीरेन्द्र गुरमैता जीवीत भएर पुनः फिर्ता आउने छैनन्

खासमा नेपालको सन्दर्भमा संघीयता र गणतन्त्रलाई अलग गरेर हेर्न सकिँदैन । संघीयताको कार्यान्वियन्मा समस्या आउनु भनेको समग्रमा गणतन्त्रकै कार्यान्वियन्मा समस्या आउनु हो भन्ने कुरा विर्सन मिल्दैन । विगतमा संघीयता निर्माणका सन्दर्भमा त्यसको सैद्धान्तिक आधारहरुमाथी गम्भीर र अर्थपूर्ण रुपले कतै बहस हुन पाएन या भनौ सार्थक संवाद हुन पाएन । त्यसैले यससम्बन्धमा अहिले पनि केही असहमति र असन्तुष्टि विद्यमान छन् । अहिले पनि अवेर भइसकेको छैन, यस विषयमा संवाद अगाडि बढनइनुपर्छ । सैद्धान्तिक रुपमा संघीयताको स्वरुपका बारेमा समाधान नखोज्ने हो भने त्यो बहसले कुनै निश्कर्ष निकाल्न सक्दो रहेनछ भन्ने दृष्टान्त हाम्रै विगत हो । वीरेन्द यादवप्रति हार्दिक श्रद्धाञ्जलि ।

# शिक्षा के का लागि ? विद्वान हुन कि बुद्धिजीवी



ई. महेश भट्टराई

विद्वान र बुद्धिजीवीका बारेमा व्यक्ति, परिवार र समाजमा अनेकानेक बहस, विवेचना तथा संवाद प्रशस्तै हुने गरेका छन् । यिनीहरुको बारेमा जान्नु भन्दा पहिले आँकडा, सूचना, तथ्य, ज्ञान र सत्यका बारेमा जान्नु उत्तिकै जरुरी पनि छ । यी शब्दहरुको अर्थ के हो ? यिनीहरुको उद्देश्य के हो ? यिनीहरुको बारेमा जानकारी दिने निकाय कुन हो ? यिनै जिज्ञासाहरुको परिमितिमा रहेर यस आलेखमा चर्चा गरिने छ । भौतिक शास्त्रले तिन वटा आयामको वारेमा उल्लेख गरेको छ । ती हुन् पिण्ड, लम्बाई र समय । अझ व्यापक रुपमा भन्ने हो भने उर्जा, अन्तरिक्ष तथा समयका रुपमा पनि यिनीहरुलाई परिभाषित गर्न सकिन्छ । यिनीहरुलाई परिमाणात्मक आयाम पनि भनिन्छ । त्यसै गरी परिमाणमा उल्लेख गर्न नसकिने तर अनुभूत गर्न सकिने विषयहरु पनि हुन्छन्, तिनलाई मापन गर्न नसकिए पनि व्याख्या गर्न भने सकिन्छ त्यसैले गुणात्मक विषय भन्ने गरिन्छ । समग्रमा कुनै पनि पदार्थको समय र स्थानका सन्दर्भमा उल्लेख गरिएको परिमाणात्मक आयामलाई आँकडा भनिन्छ । यो आँकडाको स्वतन्त्र अस्तित्व हुदैन तर यसले अन्य आश्रयको सहारामा मात्र आफ्नो परिचय बनाउन सक्छ । यसरी अन्य छुट्टै अस्तित्व भएको आश्रयसंग मिलेर बनाएको परिचयलाई सूचना भनिन्छ । एउटा खास स्थानमा कुनै खास समयमा मात्र सार्थक हुन सक्ने सूचनालाई तथ्य भनिन्छ । एउटा खास समयमा हरेक स्थानमा सार्थक हुने तथ्यलाई ज्ञान भनिन्छ । हरेक स्थानमा हरेक समयमा सार्थक ठहरिने सूचनालाई सत्य भनिन्छ ।

**एउटा उदाहरण हेरौं ।**

१६ बर्षकी जवान युवती बलवान थिइन् । यहाँ १६ र बर्ष दुबै आँकडा हुन् र यिनको आँफैमा के कति अस्तित्व हुन्छ आँफै विचार गरौं । त्यसै गरी जवान, युवती तथा बलवान यी शब्दको स्वतन्त्र अस्तित्व के कति हुन्छ ? र यिनले के भन्न खोजेका हुन् ? १६ वर्षकी युवती भन्ने हो भने यसले कुनै युवतीको उमेर उल्लेख गर्न खोजेको देखिन्छ । युवतीको उमेर उल्लेख भएको परिचय चाहिँ सूचना भयो । त्यसै गरी १६ वर्षकी जवान युवती भन्ने हो भने यसले महिलाको एउटा चरित्र देखाउँछ । उमेर निश्चित भएको अवस्थामा तथा त्यो समयमा अवलोकन कर्ताले प्रत्यक्ष देखेको अवस्थामा यो सूचना तथ्य हुने भयो । ती युवती जवान नै रहने भईन् । तर समयलाई मात्र एकै ठाउँमा राखेर हेर्ने हो भने यही तथ्य ज्ञान हुने भो । त्यो कालखण्डमा उमेर निश्चित भएका महिलाहरु मध्ये १६ वर्षकालाई जवान ठानिने भो ।

**सत्य यी सबै भन्दा पर हुन्छ ।**

मानव जाति जंगली युग, ढुंगे युग, कृषि युग र बैज्ञानिक युग पार गर्दै अहिलेको अवस्थामा आईपुगेको छ । स्वभावतः मानवको औषतन आयु पनि परिवर्तित भएको छ । अब सवै कालखण्डमा त १६ वर्षे उमेर जवान पनि नहुन सक्छ । त्यसैले यो सत्य हो त ? त्यसैले हरेक स्थान र समयमा एउटै रहने ज्ञानलाई सत्य भनिएको हो । साश्वत सत्य भनेको पनि त्यहि हो ।

**अब लागौं विद्वान र बुद्धिजीवीका तर्फ ।**

आँकडादेखि सत्य सम्मको बारेमा जानकार रहेको र लाभ हानीको पर्वाह नगरी कुनै चिजका बारेमा साश्वत कुरा गर्न सक्ने मान्छे विद्वान हो । मनबाट निर्देशित कुरा गर्ने मान्छे नै विद्वान हो । विज्ञान र मानवताका बारेमा बहस चलिरहँदा र निष्कर्शमा नपुगेको अवस्थामा पेट पनि त भर्नु पर्छ । त्यसैले पेटका लागि माथिको श्रृंखलालाई उपभोग गर्ने व्यक्ति बुद्धिजीवी हो । मस्तिष्कवाट निर्देशत कुरा गर्ने मान्छे नै बुद्धिजीवी हो । मानव र जगतको क्रमवद्ध अध्ययनलाई बिज्ञान भनिन्छ । बिज्ञानको प्रयोग मानव जातिको कल्याणका लागि गरिएमा यो प्रगति हुने भयो र विनासमा प्रयोग भएमा यो ध्वंश हुने भो ।

**यस सन्दर्भमा मुख्य प्रश्न भनेको शिक्षाले के माथिका क्रममा रहेका सबै अवयवहरुका बारेमा दीक्षित गर्न सक्छ ? के मानिसलाई यी सबै कुराको आवश्यकता छ ?**

क्रमवद्ध रुपमा संपूर्ण अवयवहरुको अध्ययन पूरा गरी समय र स्थानसंग निरपेक्ष रही वोध गर्न तथा गराउन सक्ने मान्छे विद्वान हो । अर्कोतिर यसको विवेकपूर्ण अर्थात लाभहानी समेत विचार गरी समय र स्थानसंग सापेक्ष रही वोध गर्न गराउन सक्ने मान्छे बुद्धिजीवी हो ।

**अब शिक्षा के का लागि विद्वान हुनका लागि कि बुद्धिजीवी हुनका लागि ?**

शिक्षालाई विज्ञान र प्रजातन्त्रसंग जोडेर हेर्नु पर्छ भन्ने एक थरी मानिसहरुको मत छ भने यसलाई धर्म र राष्ट्रवादसंग जोडेर हेर्नुपर्छ भन्ने अर्कोथरी मत पनि नभएको होइन । यी कुन चाँहि विचारले विद्वान तथा कुनले बुद्धिजीवीको पक्षमा पैरवी गर्छ त्यता पट्टि अहिले नलागौं । यो मत राजनीतिक दर्शनसंग पनि जोडिएको हुँदा यसका बारेमा अहिलेलाई यत्ति मात्रै । शिक्षाको मूलभूत लक्ष ज्ञान तथा सत्य प्राप्ति मात्र नभई त्यसका माध्यमवाट जिविकोपार्जन तथा पुस्तान्तरणलाई सहज वनाउनु पनि हो । शिक्षालाई औपचारिक (फर्मल), अनौपचारिक (इन्फर्मल) र नन्फर्मल जे भने पनि यी सवै शिक्षा सिकाउने विधिका लागि प्रयोग गरिने पदावली हुन् । शिक्षा प्रदान गर्ने व्यक्ति तथा शिक्षा प्रदान गर्ने संस्था अथवा शिक्षालय दुवै स्तरिकृत तथा प्रमाणित भएको हुनुपर्ने व्यवस्था अनिवार्य भएकाले शिक्षा औपचारिक नै हुन्छ । यसमा शिक्षा प्रदान कसरी भयो भन्ने कार्य कारण तथा नतिजा उपलब्धिको सिद्धान्त वेअसर भई उपलब्धि मात्र गणनामा आउँछ । त्यसैले शिक्षक तथा शिक्षालय कस्तो हुनुपर्छ ? भन्ने कुरा महत्वपूर्ण हुन आउँछ ।

**शिक्षण प्रशिक्षण यान्त्रिक कार्य होइन । यसलाई मनोवैज्ञानिक तथा प्राज्ञिक पक्षवाट लेखाजोखा गरौं ।**

**पहिला मनोवैज्ञानिक**

**बालशिक्षा (पेडागोजी) र प्रौढ शिक्षा (अण्ड्रागोजी) ।**

बालशिक्षामा शिक्षककोभूमिका वालककोकौतुहलतालाई सकारात्मक दिशातिर उन्मुख गराउनु, कौतुहलता सृजना गर्न सहयोग पुर्याउनु तथा समाधान खोज्न प्रोत्साहित गराउनु नै हो । बाल मनोविज्ञानसंग हिमचिम भई विद्यार्थीलाई नयाँ कुरा सिक्न प्रेरित गर्नुपर्ने हुँदा यो यान्त्रिक काम हुँदै होइन । अब अर्कोतिर उपलब्ध विकल्पहरु मध्ये उत्तम विकल्प छनौट गर्न सक्ने तथा जिवनका अगाडि आएका परिस्थितिहरुका बारेमा आफै निर्णय लिन सक्ने क्षमता विकास पनि शिक्षाको भएको हुँदा प्रौढ शिक्षामा शिक्षकको उद्धेश्य समस्या समाधानका लागि माध्यम तथा उपाय देखाइदिने अथवा श्रोतको पहिचान गराइदिने हुन जान्छ ।

अर्को तर्फ हाम्रो पूर्वीय तथा पश्चिमी समाजमा शिक्षकको स्थान उच्च राखिएको भनेको शिक्षकको योग्यता निर्धारण गरेको पनि हो । राम्रो नतिजा ल्याई उत्तीर्ण भएको व्यक्ति राम्रो शिक्षक नहुन पनि सक्छ भन्ने प्रचलित भनाई शिक्षकको पेशागत योग्यता प्रति परिलक्षित छ । विशेष योग्यता भएको र समाजमा उच्च मर्यादाले हेरिने मान्छे औपचारिक नै हो । र यिनै औपचारिक मान्छेहरुले काम गर्ने स्थान शिक्षालय औपचारिक नहुने कुरै भएन । त्यसैले सबै शिक्षा औपचारिक भनिएको छ । हालै प्रचलनमा ल्याउन लागिएको राष्ट्रिय योग्यता प्रणाली र राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको मूख्य सन्देश पनि सबै प्रकारका शिक्षाहरु औपचारिक हुन् भन्ने नै हो । माथिका विवेचनाहरुवाट शिक्षक पात्रको रुपमा नभई माध्यमको रुपमा विद्यार्थीलाई ज्ञानसंग जोडिदिने कारक मानिएको कुरा झल्कन्छ । शिक्षकले विगतको अनुभवका आधारमा भविष्यको बाटो समेत कोरिने गरी वर्तमानमा सहज जिविकोपार्जनका लागि आधार तय गरिदिने भएकाले उसमा केही पेशागत दक्षता हुनु आवश्यक छ । शिक्षकले आफूले पठनपाठन गर्ने गराउने ज्ञान तथा सीप आफै सम्पादन गर्न सक्नुपर्छ । समाज तथा व्यावसायका दैनन्दिनीहरुमा उसले भौतिक रुपमा समेत उत्प्रेरक सेतुको रुपमा काम गर्नुपर्छ ।

सुनेर, हेरेर, लेखेर तथ पढेर जानिने परम्परामा आश्रितहरुको कार्य सम्पादन तथा प्रत्यक्ष काममा संलग्न भई आएकाहरुको कार्य सम्पादनलाई हेर्ने हो भने कुन चाँहि प्रभावकारी हुन सक्छ सहजै भन्न सकिन्छ । त्यसैले पठनपाठनमा अघिल्लो वाक्यमा भनिएका विधिको अलावा अवलोकन (गरेको हेर्ने), जानकारको अधिनमा रही काम गर्ने (गाइडेड प्राक्टिस) र स्वतन्त्र पूर्वक काम गर्ने (इन्डिपेण्डण्ट प्राक्टिस) थप विधिहरु पनि थपिएका छन् । यसैलाई नै कार्यस्थलको सिकाइ विधि भनिन्छ । माथि शिक्षाको आधारभूत दर्शनमा प्रजातन्त्र जोडिनुको अर्थ पनि शिक्षालाई समाजसंग जोड्नु नै हो । शास्त्रीय विषय मात्र जानेको मान्छेलाई जिविकोपार्जनका लागि आवश्यक सेवाहरु थोरै नै हुन्छन् । तर व्यावहारिक सीपका लागि भने यो अवसर प्रशस्तै हुन्छ । सबैले इच्छाइएका सबै काम गर्न सक्ने र गर्न पाउने भएकेले र सबैको समान अवसरको पनि अवस्था आँकलन गरिएकाले शिक्षाको दर्शनलाई प्रजातन्त्रको दर्शनसंग जोडिएको हो ।

विज्ञानको अहिले सम्मको विकास र उपलब्ध श्रोत तथा बढ्दो जनसंख्याको चापलाई हेर्दा परम्परागत ज्ञान र प्रविधिमा परिवर्तन गनुपर्ने देखिन्छ । आम मानिसको प्रवृत्ति परिवर्तनका लागि वौद्धिक बिलास चाँहि गर्ने तर यसलाई सहजै नस्विकार्ने रहेको पाइन्छ । विगतमा भएको सिमित ज्ञान तथा अनुभववाट मात्र अघि बढ्न नसकिने भएकाले नै यो सिमिततालाई अज्ञानता भनिएको हो र यही नै हालसम्मको प्रगतिका लागि मूख्य कारक रहेको छ । फरक यत्ति हो कि विगतका मानिसहरुले उनीहरुमा सिमितता छ भन्ने कुरालाई स्विकारेर ज्ञानको खोजीका लागि कति प्रयोगहरु गरे र कति अनुभवहरुका माध्यमवाट हामीलाई विरासतका रुपमा अहिलेको अवस्था दिएका हुन् । अब अहिलेको अवस्थामा मात्र भर परेर के भविष्य सुरक्षित गर्न सकिन्छ ? त्यसैले परिवर्तन स्विकार्नका लागि विगतमा गरिएका अनुभव तथा प्रयोगवाट अभ्यस्त भएका हामीले वर्तमानको आवश्यकतालाई समाधान गर्न सक्ने अवस्थाका लागि विगतको प्रक्रिया बिर्सन सक्ने शाहस राख्न सक्नु पर्छ । यही वर्तमानमा समाधान दिन सक्ने विधि तथा प्रक्रिया सिक्न तथा सिकाउन सक्नु पर्छ । साना उमेर समूहलाई त यो प्रक्रिया सहज हुने भो तर वयश्कहरुका लागि भने उनीहरुले जानेको विधि तथा प्रक्रिया अपर्याप्त भएको अवस्थामा पूरानो अनुभवलाई बिर्सेर नयाँ विधि तथा प्रक्रिया फेरी सिक्नुपर्ने हुन्छ ।

**यसलाई एउटा सुत्रमा भन्ने हो भने यसलाई सिक्ने (लर्न), बिर्सने (अनलर्न) र फेरि सिक्ने (रिलर्न) चक्र भनिन्छ ।**

त्यसैले शिक्षालाई शुरुको शिक्षा (इनिसियल एजुकेशन) र अनवरत शिक्षामा (कन्टिनियस एजुकेशन) मा विभक्त गरिएको हो । व्यक्तिको क्रय क्षमता तथा उपलब्ध प्रविधिको समुचित उपयोगका माध्यमवाट कार्यस्थलमा आधारित पठनपाठन गर्ने दिशातिर अघि वढेमा शासनले (प्रजातन्त्रको अर्थमा) खोजेको जस्तो गुणस्तरीय तथा प्रभावकारी शिक्षा प्रदान गर्न सकिन्छ भन्ने धारणालाई अवलम्वन गर्न अत्यन्ते जरुरी छ ।

*भट्टराई, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सिटिईभिटिका निर्देशक हुन् । (सौजन्य :एडु खबर)*

# संविधान संशोधनको पक्षमा काँग्रेस



काठमाण्डु । प्रमुख विपक्षी दल नेपाली काँग्रेसले सङ्घीय संसद्मा दर्ता भएको संविधान संशोधन प्रस्तावको पक्षमा मतदान गर्ने भएको छ । कालापानी, लिम्पियाधुरा, लिपुलेक समेटिएको नेपालको नक्सा निशाना छापमा अद्यावधिक गर्न हुन लागेको संशोधनको पक्षमा मतदान गर्ने बिहीबार यहाँ पत्रकार सम्मेलन गरेर पार्टीले स्पष्ट पारेको हो ।

पार्टी कार्यालयमा भएको पत्रकार सम्मेलनमा पार्टीका प्रवक्ता विश्वप्रकाश शर्माले भन्नुभयो, "नक्साको सन्दर्भमा कोही द्विविधा नभए हुन्छ, कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालको हो, नेपालको अधिकार स्थापित हुनुपर्छ भन्ने जुन राजनीतिक दल (काँग्रेस)ले भन्दै आएको छ, त्यो दल नक्साको सन्दर्भमा प्रष्टरुपमा संसद्मा पक्षमा उभिन्छ, संस्थागत निर्णय गर्ने काँग्रेसको अधिकारको विषयलाई सुरक्षित रहन दिनुहोस् । "

सीमाको विषयमा राष्ट्रिय एकताका साथ सम्पादन गर्नुपर्ने दायित्व रहेको उल्लेख गर्दै उहाँले यसमा काँग्रेस प्रतिपक्षी दलका रुपमा जिम्मेवार र संयमित भएर कार्य गरिरहेको बताउनुभयो । उहाँले विगतदेखि नै काँग्रेसले राख्दै आएको धारणाबमोजिम कालापानीबाट भारतीय सेना फिर्ता हुनुपर्छ भन्नुभयो । नेपालको भूभागमा नेपालको हक कायम हुनुपर्छ भन्नेमा काँग्रेस प्रष्ट रहेको समेत उहाँले बताउनुभयो ।

नेपालको आफ्नो भूमिमा अधिकार स्थापित गर्ने सन्दर्भमा सरकारले जारी गरेको नक्सालाई सबैको स्वामित्वबोध गर्दै साझा सहमति निर्माण गर्नेगरी अघि बढ्न काँग्रेसले सरकारलाई आग्रह गरेको छ ।

काँग्रेस उग्र अभिव्यक्तिभन्दा पहलकदमीमा तीव्रता गर्ने पार्टी हो भन्दै उहाँले नक्सा जारी भएकामा पार्टीले सकारात्मक दृष्टिकोण यसअघि नै सार्वजनिक गरिसकेको र यही १७ गते बस्ने केन्द्रीय कार्य समितिले संस्थागत निर्णय गर्नेसमेत उहाँले जानकारी दिनुभयो । पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "राष्ट्रियता जस्तो विषयमा हरेक दलबीच साझा स्वामित्व हुन सकोस्, कसैले पनि त्योभन्दा फरक रुपमा उभिनेखालको अवस्था नबनोस् भन्ने सन्देश दिन साझा प्रयत्न गर्ने जिम्मेवारीसमेत काँग्रेसकै हो ।"

सर्वदलीय बैठकमा सहभागी भएर संस्थागतरुपमा निर्णय गर्नेछ भनेर काँग्रेसले भनेको अर्थ हामीलाई समय दिइयोस् भनी समय माग गरेको होइन भन्दै उहाँले संसद्मा शुरु भएको प्रक्रिया अवरुद्ध गर्नुपर्ने भन्ने माग विल्कुलै नभएको समेत उहाँले प्रष्ट पार्नुभयो । उहाँले संसद्मा कार्यसूचीबाट हटाइनुपर्छ भन्ने काँग्रेसको अभिव्यक्ति थियो भनेर ढङ्गले सरकारका केही मन्त्रीले भनेको विषयलाई काँग्रेसले गम्भीररुपमा लिएको उहाँले बताउनुभयो । प्रवक्ता शर्माले यसअघि सभापति शेरबहादुर देउवाको वक्तव्यबाट समेत आएको सन्दर्भमा पार्टीको धारणालाई गलत व्याख्या नगर्न चेतावनी दिनुभयो ।

राष्ट्रियताको विषय आरोप प्रत्यारोप नभई एक ठाउँमा उभिएर राष्ट्रिय भावनालाई बलियो बनाउन सकिन्छ भन्दै उहाँले नक्सा लिएरमात्रै जिम्मेवार पूरा नहुने हुँदा जमिन पनि आफ्नो हातमा ल्याउनका लागि राष्ट्रिय एकताका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री केपी शर्मा ओलीको सर्वसम्मतिका रुपमा पारित गरेर जाउँ भन्ने अभिव्यक्तिको काँग्रेसले सम्मान गरेको समेत उहाँले बताउनुभयो ।

उहाँले सन् २०१५ मा भारत र चीनले सम्झौता गर्दै गर्दा तत्कालीन काँग्रेस सभापति सुशील कोइराला नेतृत्वको सरकारले चीन र भारत दुवै देशलाई कूटनीतिक नोट पठाएयता नै यो विषयमा केन्द्रमा आएको र राष्ट्रिय एकताको वातावरण निर्माण शुरु भएको उहाँले जिकिर गर्नुभयो ।

सन् २०१९ मा लिपुलेक, कालापानीलाई गाँसेर भारतले नक्सा सार्वजनिक गर्‍यो त्यो बेलामा पनि काँग्रेसले स्पष्ट धारणा राखेको उल्लेख गर्दै उहाँले यस विषयमा काँग्रेसले सरकारलाई साथ दिन्छ भनेर स्पष्ट गरेको जानकारी दिनुभयो ।

**कोरोना नियन्त्रणमा गम्भीर हुन आग्रह**

पत्रकार सम्मेलनमा प्रवक्ता शर्माले कोभिड-१९ को सङ्क्रमणमा रोक्न गम्भीर भएर अघि बढ्न सरकारलाई आग्रह गर्नुभयो । उहाँले सरकारको प्रयास कमजोर रहेको भन्दै परीक्षणको दायरा बढाउनसमेत अपिल गर्नुभयो ।

"क्वारेन्टिनमा मान्छे मर्दैछन्, अधिकांशको मृत्युपछि मात्रै रिपोर्ट किन आउँछ, सिमानामा राम्रो परीक्षण किन गरिएको छैन, विदेशमा अलपत्र परेको नागरिकको उद्धारमा सरकार किन गम्भीर छैन", उहाँले प्रश्न गर्नुभयो । उहाँले बिहीबार सार्वजनिक हुँदै गरेको बजेटले कोरोनालाई सम्बोधन हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# काँग्रेस केन्द्रीय समितिको बैठक भोली

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सङ्घीय संसद्मा दर्ता भएको संविधान संशोधन प्रस्ताव सम्बन्धमा छलफल गर्न पार्टीको केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा यही जेठ १७ गते दिउँसो १ बजे बस्ने बैठकमा सो प्रस्ताव सम्बन्धमा छलफल हुने काँग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, केन्द्रीय सदस्य तथा आमन्त्रित केन्द्रीय सदस्यहरूलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिएको छ । यही जेठ ११ गतेको काँग्रेस केन्द्रीय पदाधिकारी बैठकले सरकारद्वारा संसद्मा प्रस्तुत सो प्रस्तावमा आवश्यक निर्णय गर्न पार्टी केन्द्रीय कार्यसमितिको बैठक बोलाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार केन्द्रीय समिति बैठक बोलाइएको हो ।

सरकारले हालै जारी गरेको नेपालको नयाँ नक्साअनुसार नेपालको संविधानको अनुसूची-३ मा रहेको नेपालको निशान छापभित्र अङ्कित नेपालको नक्सालाई नेपालको वास्तविक सीमाअनुरुप मिलाउनका लागि यही जेठ ९ गते सङ्घीय संसद्मा 'नेपालको संविधान (दोस्रो संशोधन), २०७७' विधेयक दर्ता गराएको थियो ।रासस

# अधिकार र कर्तव्यको सन्तुलनले गणतन्त्रलाई सार्थक तुल्याउँछ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले १३औँ गणतन्त्र दिवसका अवसरमा बिहीबार सन्देश दिँदै अधिकार र कर्तव्यको न्यायोचित सन्तुलनले नै गणतन्त्रलाई सफल र सार्थक तुल्याउने बताउनुभएको छ ।

सरकारको प्रयास गणतन्त्रलाई हरेक हिसाबले परिपूर्ण बनाउने कुरामा केन्द्रित रहेको उल्लेख गर्दै उहाँले सन्देशमा जनता साँचो अर्थ सार्वभौम बनेको यो दिन नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण र अविस्मरणीय तथा महान् उत्सवको दिन भएको स्मरण गर्नुभएको छ ।

"गणतन्त्र गणहरूमार्फत अर्थात् जनतामार्फत जनताको तन्त्र हो । जनतालाई केन्द्रविन्दुमा राखेर, जनताको इच्छामा र जनताका लागि सञ्चालित हुने शासन व्यवस्था हो । संविधान र कानूनमा उल्लेखित अधिकारको प्रयोग गर्न सक्ने गरी जनता सक्षम नहुँदासम्म गणतन्त्रले सार्थक रूप लिन सक्दैन", प्रधानमन्त्रीले भन्नुभएको छ, "गणराज्य नेपाली समाजको मौलिक प्रणाली हो । तर, समयक्रममा यो प्रणाली भत्कियो ।

सामन्तवादको थालनीसँगै जन्मसिद्ध श्रेष्ठताका आधारमा शासकहरू स्थापित हुने, उनीहरूको वंश परम्पराका आधारमा शासन व्यवस्था सञ्चालन हुने र उनीहरूको हुकुम नै कानून हुने चरम अलोकतान्त्रिक प्रणालीहरू स्थापित र विकसित हुँदै गए । झण्डै दुई हजार वर्षसम्म चलेको यस्तो सामन्ती प्रणालीलाई अन्त्य गरेर हामीले इतिहासको एउटा महत्वपूर्ण कडीलाई जोडेका छौँ, र विकास गरेका छौँ ।" उहाँले हाल नेपालमा कुनै पनि स्वरुपको अनिर्वाचित सत्ताको अन्त्य भइ जनताले निर्वाचित गरेका प्रतिनिधिद्वारा प्रतिपादन गरिएको संविधानद्वारा मुलुकको शासन व्यवस्था सञ्चालित रहेको संविधानमा जनताका अधिकार एवं सर्वोत्तम हित र आकाङ्क्षाहरू प्रतिविम्बित भएको जनाउनुभयो ।

उहाँले भन्नुभएको छ, "गणतन्त्र स्थापनासँगै हामीले हासिल गरेका यी उपलब्धिहरू गौरवपूर्ण र दूरगामी महत्वका छन् । तर यिनै उपलब्धिमा मात्र आत्ममुग्ध भएर बस्न मिल्दैन ।" प्रधानमन्त्री ओलीले गणतन्त्र लोकतान्त्रिक आन्दोलनको सर्वोच्च उपलब्धि हो भन्दै यस युगान्तकारी राजनीतिक परिवर्तनलाई सामाजिक जीवनका समग्र आयामसँग जोडेर समुन्नत प्रणाली विकास गर्न सकेमा मात्रै यो दिगो बन्न सक्छ र लोकतान्त्रिक गणतन्त्रलाई सबल तुल्याउन हामीले सामाजिक न्याय, सुशासन र समृद्धिका तीनवटै आयामलाई समुचित सन्तुलनका साथ अगाडि बढाइरहेको बताउनुभएको छ ।

गणतन्त्र शासन प्रणाली मात्रै नभइ नयाँ सभ्यता, संस्कृति र सामाजिक जीवन पद्धति पनि भएको र गणतन्त्र सामाजिक न्याय र समानतामा आधारित समृद्धिसहितको प्रणाली हो, त्यसैले यहाँ महिला, दलित, पछाडि परेका कुनै पनि समुदायमाथिका कुनै पनि विभेदहरू ग्राह्य र सह्य हुन नसक्ने प्रधानमन्त्री सन्देशमा उल्लेख छ ।

सन्देशमा गणतन्त्रमा जाति, वर्ण, धर्म वा अरु कुनै पनि आधारमा कसैमाथि पनि असमानता, भेदभाव र छुवाछूतको व्यवहार स्वीकार्य हुन नसक्ने पनि स्पष्ट गर्नुभएको छ । कोरोना महामारीले आक्रान्त भएका बेला सिङ्गो मुलुक एकताबद्ध भइ जनताको सुख र समृद्धि तथा स्थिरताका लागि केन्द्रित हुन पनि सन्देशमा आह्वान गरिएको छ ।रासस

# बागमती प्रदेश सरकारले सञ्चारमाध्यम सञ्चालन गर्ने

हेटौँडा । बाग्मती प्रदेश सरकारले छापा तथा विद्युतीय सञ्चारमाध्यम सञ्चालन गर्ने भएको छ । प्रदेशले आगामी आर्थिक वर्षमा सञ्चारगृह स्थापना गरी अनलाइन, रेडियो, टेलिभिजन र छापाखाना सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने भएको हो । प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले सरकारी कागजातसमेत छाप्ने योजनासहित छापाखाना सञ्चालन गर्न लागिएको बताउनुभयो ।

सूचना तथा जानकारीमूलक सामग्री प्रकाशन तथा प्रसारण गर्ने उद्देश्यले सरकारी सञ्चारमाध्यम सञ्चालन गर्न लागिएको उहाँको भनाइ छ । सरकारले गरेका गतिविधिको आम नागरिकमाझ प्रचारप्रसार गर्न पनि सरकारमातहतको सञ्चार संस्था आवश्यक रहेको मुख्यमन्त्री पौडेलको भनाइ छ ।

"हामी वर्षमा करोडौँका कागज छपाइ गर्छौं, त्यो सबै आफ्नै छापाखानाबाट छाप्न मिल्छ, पत्रपत्रिका पनि त्यहीँ छापिन्छ", मुख्यमन्त्री पौडेलले भन्नुभयो ।

प्रदेश सरकारले हालै प्रस्तुत गरेको नीति तथा कार्यक्रममा पनि सरकारले "गाउँका सूचना शहरमा" भन्ने नारालाई व्यवहारिकरूपमा कार्यान्वयन गर्ने खालको संयन्त्रको विकास गर्ने, ज्ञानवर्द्धक तथा जनचेतनामूलक कार्यक्रम निर्माण तथा प्रसारण गर्न आवश्यक प्रबन्ध मिलाउने, प्रदेशभित्र सार्वजनिक सूचना केन्द्र स्थापना र सञ्चालन गर्न विभिन्न निकायसँग साझेदारी गर्ने, स्थानीय तहका सूचना प्रदेश सूचना बैंकबाट एकद्वार प्रणालीमार्फत सम्प्रेषण गर्न संयन्त्र बनाउने, प्रदेश सूचना प्रविधिपार्क तथा आमसञ्चार केन्द्र स्थापना र सञ्चालनको खाका तयार गरी कार्यान्वयनमा ल्याइनेलगायतका कार्यक्रम समावेश छ ।

प्रदेशभित्र स्थापना हुने ई-पुस्तकालय, फ्रि वाइफाइ जोन सञ्चालनका लागि सहजीकरण गर्ने, डिजिटल साक्षरता तथा पत्रकार सीप विकास कार्यक्रम सञ्चालन गर्ने, रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यमको दर्ता, नवीकरण, नियमन र अनुगमनलाई प्रभावकारी बनाइनुका साथै सञ्चारमाध्यमलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेश सरकारले पत्रकार कल्याण कोषको दायरालाई फराकिलो बनाउँदै लैजाने, प्रदेशमा प्रचलनमा रहेका सबै भाषाभाषीको प्रवर्द्धन गर्दै पहिलो चरणमा तामाङ र नेपाल भाषाको पत्रकारिता प्रवर्द्धन गर्न चाहने सञ्चारमाध्यमलाई प्रोत्साहित गर्ने, महिला पत्रकारको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने, एकापसमा समाहित भएर (मर्जर गरेर) जान चाहने सञ्चारमाध्यमलाई प्रोत्साहन गर्ने नीति लिएको जनाइएको छ ।रासस

# सुर्खेतमा थपिए १५ सङ्क्रमित, मृतकको रिपोर्ट 'नेगेटिभ'

सुर्खेत । पछिल्लो २४ घण्टामा सुर्खेतमा थप १५ सङ्क्रमित फेला परेका छन् । यससँगै कर्णाली प्रदेशमा सङ्क्रमितको सङ्ख्या ३८ पुगेको छ । सामाजिक विकास मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाका अनुसार पछिल्लो २४ घण्टामा पिसीआर परीक्षण गरिएकामध्ये वीरेन्द्रनगर नगरपालिकाका सात पुरुष, तीन महिला, चौकुने गाउँपालिकाका दुई महिला, एक पुरुष, सुदुरपश्चिमको बझाङ घर भएका ५५ वर्षीय एक पुरुष र पहिचान हुन बाँकी एक महिलामा गरी १५ जनामा कोरोना पोजिटिभ देखिएको छ ।

महाशाखा प्रमख डा लक्ष्मीनारायण तिवारीले नयाँ पहिचान भएका सबै सङ्क्रमितलाई आइसोलेसनमा राखिएको र उहाँहरूको स्वास्थ्य अवस्था सामान्य रहेको बताउनुभयो । बझाङका ५५ वर्षीय पुरुष तथा बोल्न नसक्ने एक महिलाको ठेगाना पत्ता लगाउन प्रयास भइरहेको उहाँले बताउनुभयो ।

मन्त्रालयले प्रदेशका सबै जिल्लामा आरडिटी र पिसीआर परीक्षणका लागि स्वाब सङ्कलन कार्य भइरहेको जनाएको छ । मन्त्रालयका अनुसार प्रदेशभर ५५० आइसोलेसन, १७ भेन्टिलेटर रहेका छन् । पछिल्लो २४ घण्टामा सुर्खेत र जुम्लामा गरिएको १६० पिसीआर परीक्षणमध्ये सुर्खेतस्थित प्रदेश अस्पतालको प्रयोगशालामा १५ जनाको रिपोर्ट पोजिटिभ आएको हो ।

**मृतक युवाको रिपोर्ट नेगेटिभ**

भारत गुजरातबाट फर्कने क्रममा मङ्गलबार राति मृत्यु भएका सुर्खेतका एक युवकको कोरोना रिपोर्ट नेगेटिभ देखिएको छ । प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काका अनुसार मृतकको बुधबार स्वाब परीक्षणका क्रममा कोरोना नभएको पाइएको छ । रासस

# गण्डकीमा सङ्क्रामक र सरुवा रोग अस्पतालको तयारी

पोखरा । गण्डकी प्रदेश सरकारले प्रदेशमा सङ्क्रामक र सरुवा रोगको महामारीविरुद्ध लड्न अत्याधुनिक प्रविधिसहितको सुविधा सम्पन्न अस्पताल स्थापना र सञ्चालनको तयारी गरेको छ ।

सरकारको आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयक, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता बुधबार प्रदेशसभामा प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले सङ्क्रामक तथा सरुवा रोग अस्पतालको स्थापना र सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिने जानकारी दिनुभयो । प्रदेशभित्र मुटु, मिर्गौला, क्यान्सर, मातृ तथा बालरोगसम्बन्धी विशिष्टीकृत अस्पताल निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने मन्त्री गुरुङले बताउनुभयो ।

प्रदेश मातहतका जिल्ला अस्पतालमा तीनदेखि पाँच शय्याको सघन उपचार कक्ष (आइसियु) को स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिन बजेट सुनिश्चित गरिने उल्लेख गर्दै उहाँले जिल्ला अस्पतालको थप सेवा तथा शय्या विस्तार गर्न पनि आवश्यक बजेट विनियोजन गरिने जानकारी दिनुभयो ।

सरकारले प्रदेशका समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण गर्न प्रदेशका सबै अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा एवं स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास, औषधि सामग्री खरिद र उपलब्धता तथा दक्ष जनशक्तिको व्यवस्थापन एवं क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइने र प्राथमिकताका आधारमा नागरिकको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिने जनाएको छ ।रासस

# राष्ट्रपतिबाट २३३ कैदीलाई माफी मिनाहा

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिशमा २३३ कैदीको बाँकी कैद सजाय माफी मिनाहा गर्नुभएको छ ।

नेपालको संविधान धारा २७६, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ तथा फौजदारी कसूर (कैद कट्टा) नियमावली २०७६ बमोजिम रामबहादुर भनिने रमेश विश्वकर्मासिहित कैदीलाई सजाय माफी दिइएको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेले विज्ञप्ति जारी सो जानकारी दिनुभएको हो ।

यसैगरी नेपालको संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता २७४ को दफा १५९ बमोजिम मन्त्रिपरिषद्को सिफारिशमा कपिलदेव साह कानुसमेतका आठ व्यक्तिलाई विभिन्न अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम लागेको कैद, दण्ड, जरिवाना, बिगो, सर्वस्वलगायतको सजाय माफी भएको विज्ञप्तिमा जनाइएको छ ।रासस

# चन्द समूहका केन्द्रीय नेता गिरफ्तार

काभ्रेपलाञ्चोक । नेत्रविक्रम चन्द समूहका केन्द्रीय नेता लेखराज गजमेरलाई बुधबार साँझ धुलिखेलबाट गिरफ्तार गरिएको छ । गजमेरलाई जिल्ला प्रहरी कार्यालय धुलिखेलले थुनामुक्त गरेलगत्ते सादा पोशाकका प्रहरीले पुनःगिरफ्तार गरेका हुन् ।

प्रहरीले गजमेरलाई पुनःगिरफ्तार गरी काठमाडौँ लगेका हुन् । सङ्गठित अपराधअन्तर्गत विस्फोटक पदार्थ मुद्दामा केही महिनाअघि पक्राउ परेका गजमेरलाई बुधबार सर्वोच्च अदालतको आदेशमा थुनामुक्त गर्न आदेश दिएको थियो । सर्वोच्चको आदेशानुसार जिल्ला अदालत काभ्रेपलाञ्चोकका श्रेस्तेदार गोविन्दप्रसाद घिमिरे र अधिकारकर्मी हिरामानलामाकोरोहवरमागजमेरलाई थुनामुक्त गरिएको थियो ।

लामाका अनुसार चन्द समूहका दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य गजमेरलाई धुलिखेल प्रहरीले थुनामुक्त गरेलगत्ते प्रहरी निरीक्षक सुरेश खत्री नेतृत्वको सादा पोशाकका प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालयको अधिल्तिरबाट गिरफ्तार गरी काठमाडौँ लगेको हो । रासस

# विनियोजन सम्बन्धि प्रस्ताव पारित

विराटनगर । प्रदेश नं १ को प्रदेशसभाको बैठकले ' विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतासहितको पूर्वबजेट सम्बन्धमा छलफल गरियोस् 'भन्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरेको छ ।

प्रदेशसभा नियमावली, २०७४ को नियम ११८ को उपनियम २ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले सो प्रस्ताव आजको बैठकमा पेश गर्नुभएको थियो ।



प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकमा समावेश हुनेसिद्धान्तरप्राथमिकतासहितको पूर्वबजेटमाथिको छलफलमा प्रदेशसभा सदस्य उत्तमकुमार बस्नेतले बजेट हिमाल, पहाड र तराईलाई विभेद नहुने गरी हुनुपर्नेमा जोड दिनुभयो । अर्का सदस्य उपेन्द्रप्रसाद घिमिरेले बजेटको प्राथमिकता तोक्दा जनतालाई केन्द्रमा राखेर तोक्नुपर्ने सुझाव दिनुभयो । सदस्य कुलप्रसाद साम्वा लिम्बूले बजेटको सिद्धान्त र प्राथमिकता राम्रो भए पनि बजेट निर्माण गर्दा जनताका आधारभूत आवश्यकतालाई बिर्सन नहुने तर्क गर्नुभयो । सदस्य केदार कार्कीले नेपाली जनताको मन छुने हुनुपर्ने भन्दै उद्योग, उद्योगी र उपभोक्ताको हितमा ध्यान राखेर बजेट निर्माण गनुपर्ने बताउनुभयो ।

सदस्य राजेन्द्र राईले बजेट निर्माणमा सरकार हावी भएमा जनताका आवश्यकतालाई पूरा गर्न नसकिने बताउनुभयो । सदस्य लछुमन तिवारीले ४६ प्रतिशत अनौपचारिक क्षेत्रलाई बजेटले छुनुपर्ने भन्दै बजेट रोजगार सिर्जना गर्ने क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने कुरामा जोड दिनुभयो । सदस्य शेखरचन्द्र थापाले रोग, भोकबाट मुक्ति पाउनुभन्दा अन्य प्राथमिकताका विषय हुन नसक्ने भएकाले बजेट त्यसतर्फ केन्द्रित हुनुपर्छ भन्नुभयो ।

**कारागारलाई व्यवस्थित बनाउन माग**

प्रदेशसभाको बैठकमा शून्य समयमा सदस्य अम्बिका थापाले उदयपुरको कारागार गोठ हो कि कारागार हो बुझ्न नसकेकाले प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो । सदस्य उमिता विकले दलितमाथिको विभेद र अन्याय रोक्नुपर्ने बताउनुभयो ।

सदस्य कृष्णकुमारी राईले संविधानबाट प्राप्त अधिकार सामाजिक सुरक्षा भत्ता नकाट्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सदस्य खिनुलाम्वा लिम्बूले इलाममा भारतसँग जोडिएको सीमाक्षेत्रमा भारतपक्षबाट समय समयमा मिच्ने काम भइरहेको तर्फ सरकारको ध्यानाकर्षण गराउँदै प्रत्येक तीन किमीमा विओपी खडा गर्नुपर्ने माग गर्नुभयो ।रासस

# चौरजहारी घटनाको छानबिन गरी दोषीमाथि कारवाही होस् : पूर्वगृहमन्त्री शर्मा

काठमाण्डु । नेकपा नेता तथा पूर्वगृहमन्त्री जनार्दन शर्माले रुकुमपश्चिमको चौरजहारीमा भएको घटनाको सत्य तथ्य छानबिन गरी दोषीमाथि कडा कारवाही गर्न माग गर्नुभएको छ । रुकुम (पश्चिम) निर्वाचित प्रतिनधिसभा सदस्य शर्माले एक प्रेस विज्ञप्ति जारी गर्दै चौरजहारीमा भएको घटना मानव सभ्यताको खिल्ली उडाउने र मानव सभ्यताको सामु उत्पन्न चुनौतीका रूपमा लिएको भन्दै छानबिनको माग गर्नुभएको हो ।



उहाँले भन्नुभएको छ, "उक्त घटनाको घोर भर्त्सना गर्दै अपराधीले कुनै पनि हालतमा उन्मुक्ति पाउनु हुन्न भन्ने मेरो स्पष्ट धारणा छ । अपराधी नछुटुन् र निर्दोष नपरुन् भन्नका लागि घटनाको सत्यतथ्य अनुसन्धान मुख्य कुरा हो ।"

सांसद शर्माले घटनाको छानबिनका लागि सरकारसँग उच्चस्तरीय संसदीय छानबिन समिति बनाउनमा माग गर्दै भन्नुभएको छ, "घटनाको छानबिनमा सहयोग गर्न म प्रतिबद्ध छु ।" संविधानमा दलित अधिकार उल्लेख भए पनि वैचारिक, राजनीतिक, सांस्कृतिक र व्यवहारिकरूपमा समाजलाई रुपान्तरण गर्न अझै सफल नभएको यस घटनाले देखाएको उल्लेख गर्दै उहाँले भन्नुभएको छ, "यस्ता घटना फेरि पनि नघटुन् भन्नका लागि सामन्ती चिन्तन प्रवृत्तिविरुद्ध बृहत सांस्कृतिक रुपान्तरणको सङ्घर्ष आवश्यक छ । यसको नेतृत्व राज्य स्वयंले गर्न साहस गर्नुपर्छ ।"

उक्त घटनाका विषयमा सङ्घीय संसद्मा सम्पूर्ण विवरण राख्दै गर्दा केही सांसदहरूले होहल्ला गरी भनाइ राख्न अवरोध गरेको उल्लेख गर्दै सांसद शर्माले आफूले घटनाको सत्यतथ्य सार्वजनिक होस् भनी छानबिनको माग गरेको तथ्यलाई बङ्ग्याउने प्रयत्न भएको बताउनुभएको छ ।

उहाँले जनयुद्ध, संविधान निर्माण र संविधान कार्यान्वयनमा आफूले राखेका खुला विचार र सङ्घर्ष सबैसामु छर्लङ्ग रहेको भन्दै भ्रममा नपर्न आग्रह समेत गर्नुभएको छ ।

"मैले संसद्मा त्यहाँको सम्पूर्ण विवरणसहित सभामुखसँग समयमागी बोल्न लाग्दा केही सांसदहरूले होहल्ला गरी मलाई बोल्न नदिने काम भयो । रासस

## लकडाउनको नियम मन्त्रीद्वारा नै उलङ्घन

एएफपी

श्योपुर । भारतका एक जना केन्द्रीय मन्त्रीले लकडाउनको नियम उलङ्घन गरेको भन्दै आलोचना भएको छ।

केन्द्रीय मन्त्री नरेन्द्र सिंह टोमरले श्योपुर जिल्लाको भ्रमण गर्दा लकडाउन र सामाजिक दुरी कायम गर्नुपर्ने नियम उलङ्घन गरेको आरोप लागेको हो ।

जिल्लाको निशाद राज भवनमा आयोजित एक कार्यक्रममा सहभागी हुदाँ उहाँले मापदण्ड उलङ्घन गरेको बताइएको छ।

भारतको मध्यप्रदेश राज्यमा अहिलेसम्म कोरोना भाइरसका कारण सात हजार २४ जना बिरामी भएको पुष्टि भएको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार यस प्रदेशबाट मात्रै अहिलेसम्म तीन हजार ६८९ जना निको भएर फर्किएका छन् भने ३०५ जनाको मृत्यु भएको छ।

## भारतमा संक्रमितको संख्या १ लाख ५८ हजार नाघ्यो

एएफपी

नयाँ दिल्ली । भारतमा बुधबार एकै दिनमा ६ हजार ५६६ जना कोरोना संक्रमित थपिएका छन् । बिहीबार बिहानसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ५८ हजार ३३३ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

बिहीबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ४ हजार ५३१ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ६७ हजार ९९२ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ८६ हजार ११० जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ५६ हजार ९४८ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १८ हजार ५४५ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा १५ हजार १९५ संक्रमति रहेका छन् । दिल्लीमा १५ हजार २५७ जना कोरोना संक्रमित रहेका छन् ।



भारतमा दुई महिना भन्दा बढी समयदेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रूपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ। कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो ।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो। भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ।

## पाकिस्तानमा पनि बढ्दै कोरोना संक्रमित

एएफपी

इस्लामावाद । पाकिस्तानमा कोरोनाभाइरस संक्रमितको संख्या बढ्दै गएको छ । प्राप्त समाचारअनुसार पाकिस्तानमा संक्रमितको संख्या ६१ हजार २२७ पुगेको सोमबार पाकिस्तानी अधिकारीले बताएका छन् । विगत २४ घण्टामा पाकिस्तानमा २ हजार ७६ संक्रमित थपिएका बताइएको छ।

पाकिस्तानमा संक्रमित मध्येका १ हजार २६० व्यक्तिको अहिलेसम्म मृत्यु भएको पनि अधिकारीहरले जानकारी दिएका छन् । पाकिस्तानमा बुधबार मात्र ३५ जना संक्रमितको ज्यान गएको छ।

पाकिस्तानी समाचार संस्था जिओ न्यूजले सबैभन्दा बढी प्रभावित पाकिस्तानको सिन्ध राज्यमा रहेको बताएको छ । त्यसपछि कोरोना भाइरस संक्रमित राज्यमा पञ्जाव, खेबर पाख्तुनख्वा,बालोचिस्तान, गिलगित बाल्टिस्तान, इस्लामावाद र पाकिस्तान प्रशासित काश्मिरमा रहेका छन् । संक्रमितहरूमध्ये २० हजार २३१ जना व्यक्ति उपचारपछि निको भएर घर फर्किएका पनि प्राप्त समाचारमा जनाइएको छ । अधिकारीहरूले यहाँका विभिन्न अस्पतालमा ३९ हजार ७३६ जना संक्रमितले उपचार गराइरहेको जनाएका छन्।



## कोरोना भाइरसबाट विश्वमा ३ लाख ४९ हजारको मृत्यु ५५ लाख संक्रमित

एएफपी

जेनेभा स्वट्जरल्याण्ड । गत २४ घण्टामा कोरोना भाइरस (कोभिड १९) बाट ५ हजार ५८१ जनाको मृत्यु भएपछि विश्वभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या ३ लाख ४९ हजार ९५ पुगेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) आफ्नो दैनिक विज्ञप्तिमा जानकारी दिएको छ।



गत २४ घण्टामा ८४ हजार ३१४ जनाको संक्रमति विश्व भरी थपिएपछि संक्रमितको संख्या ५४ लाख हजार ८८ हजार ८२५ पुगेको डब्लुएचओले जानकारी दिएको हो।

चीनको हुबे प्रान्तको उहान शहरबाट शुरु भएको कोरोना भाइरसले उत्तर र दक्षिण अमेरिकालाई अत्यन्त प्रभावित बनाएको छ। यहाँ २४ लाख ९५ हजार ९२४ जना संक्रमति रहेका छन् भने, १ लाख ४५ हजार ८१० जनाको मृत्यु भएको छ।

युरोपमा २० लाख ६१ हजार ८२६ संक्रमित रहेका छन् भने, १ लाख ७६ हजार २२६ जनाको कोरोना भाइरसबाट मृत्यु भएको छ।

डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र १६ लाख ३४ हजार १० जनामा कोरोना भाइरस संक्रमण रहेको जनाइएको छ।

विश्व स्वास्थ्य निकायले कोरोना भाइरसको गत मार्च ११ मा विश्व महामारीको नाम दिइसकेको छ।

## भारतीय प्रधानमन्त्री मोदी र श्रीलंकाली प्रधानमन्त्री राजपाक्छे फोनवार्ता

एएफपी

नयाँ दिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंकालाई कोभिडका विरुद्धमा लड्न आवश्यक सहयोग गर्ने बताउनु भएको छ।

उहाँले बिहीबार श्रीलंकाली प्रधानमन्त्री महिन्दा राजपाक्छेलाई फोन गरी सो विषयमा जानकारी गराउनुभएको हो।

उहाँले प्रधानमन्त्री राजापाक्छेलाई बिहीबार बिहान फोन गरेर श्रीलंकामा कोभिड १९ का विरुद्धको अभियानमा आवश्यक सहयोग गर्ने जानकारी दिनुभएको हो।

साथै त्यस क्रममा दुई देशका प्रधानमन्त्रीबीच भारत र श्रीलंकमा कोभिड १९ ले पारेको प्रभावका बारेमा पनि कुराकानी भएको थियो।



कोभिड १९ का कारण भारत र श्रीलंकमा परेको प्रभावका साथै आगामी दिनमा यी दुई देशबीचको आर्थिक तथा सामाजिक क्षेत्रमा के कस्तो प्रभाव या असर पर्ला भन्ने बारेमा पनि कुराकानी भएको भारतीय प्रधानमन्त्रीको कार्यालयद्धारा जारी गरिएको विज्ञप्तिमा जानकारी दिइएको छ।

त्यस कुराकानीको अवसरमा प्रधानमन्त्री मोदीले श्रीलंकाका प्रधानमन्त्री राजपाक्छे त्यहाँको संसदमा प्रवेश गरेको ५० वर्ष पुगेको अवसरमा उहाँलाई बधाई ज्ञापन पनि गर्नुभएको समाचारमा जनाइएको छ।

श्रीलंकामा उहाँको लामो प्रजातान्त्रिक अनुभवले देशमा प्रजातन्त्र र संसदीय व्यवस्थाको विकासका लागि सहयोग पुग्ने भन्दै त्यसका लागि प्रधानमन्त्री मोदीले शुभकामना पनि व्यक्त गर्नुभएको समाचारमा उल्लेख गरिएको छ।

## अफगानिस्तानमा २४ घन्टामा ६२५ कोरोना सङ्क्रमित थपिए

एएफपी

काबुल । अफगानिस्तानमा गएको २४ घन्टायता ६२५ जना कोरोना सङ्क्रमित थपिएका बताइएको छ। अफगानिस्तानको जनस्वास्थ्य मन्त्रालयले बुधबार सो जानकारी दिएको छ।

योसमेत गरी बुधबारसम्म यहाँ कोभिड-१९ का सङ्क्रमितको सङ्ख्या १२ हजार ४५६ पुगेको पनि सो मन्त्रालयले जनाएको छ।

अफगानिस्तानको जनस्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार अफगानिस्तानमा पनि दिन प्रतिदिन कोरोनाका सङ्क्रमित थपिएका छन्।

उक्त मन्त्रालयले गएको २४ घन्टायता अफगानिस्तानमा कम्तीमा पनि सात जना सङ्क्रमितको ज्यान गएको छ। यहाँ कोरोना सङ्क्रमणबाट अहिलेसम्म २२७ जनाको ज्यान गएको पनि समाचारमा जनाइएको छ।

यहाँ कारोनाका सङ्क्रमितमध्ये एक हजार १३८ जना निको भएर फर्किएका छन्। यहाँ निधन भएकामा कुनै न कुनै रोगका बिरामी रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।

## लकडाउनका कारण गुजरातमा मात्रै ३० हजार विवाह स्थगित

एएफपी

अहमदावाद । विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण भारतको गुजरात राज्यमा मात्रै कम्तीमा तीस हजार विवाह स्थगित गरिएका छन्।



कोरोनाको सङ्क्रमण फैलिन लागेपछि सरकारले देशव्यापी लकडाउन घोषणा गरेकाले उनीहरुको विवाह स्थगित भएको हो।

पछिल्लो दुई महिनामा मात्रै यती धेरै बैवाहिक कार्यक्रम स्थगित भएको वैवाहिक कारोबार गराउने संस्थाले जनाएका छन् । "गुजरात प्रदेशभरीमा मात्रै पछिल्लो दुई महिनामा मात्रै कम्तीमा तीस हजार विवाह स्थगित भएका छन्," होटल तथा रेस्टुरेन्ट एसोसिएसन गुजरातका प्रवक्ताले भने।

प्रवक्ता अभिजित देशमुखका अनुसार मार्च र अप्रिल नै विवाहका धेरै कार्यक्रम हुने महिना भएपनि धेरै विवाह स्थगित भएका छन्।

कतिपय युवा युवतीले भने सरकारको मापदण्डलाई पालना गर्दै यस अवधिमा पनि विवाह गरेका छन्। सरकारले ५० जना मात्रै मानिस सहभागी गराएमा र आधारभूत स्वास्थ्य सतर्कता अपनाएमा मात्रै वैवाहिक कार्यक्रम गर्न दिने व्यवस्था गरेको छ।

सरकारले यही १८ मेदेखि लकडाउनलाई केही खुकुलो बनाएको भएपनि वैवाहिक कार्यक्रमका लागि भने गाह्रो नै रहेको व्यवसायीको भनाइ छ।

"मानिसले अहिले धमाधम वैवाहिक कार्यक्रम स्थगित गर्दै अर्को लगनको समयको प्रतिक्षा गरेका छन्, अव डिसेम्बर र जनवरीमा मात्रै विवाह हुनसक्ने देखिएको छ," एक व्यवसायीले भने।

सरकारले लागु गरेको मापदण्ड पुरा गरेर मात्रै विवाह गर्न निकै कम जोडीले मात्रै गरेका छन्। अति बाध्यात्मक अवस्थामा रहेका बाहेक अधिकांशले प्रतिक्षा नै गरेको पाइएको छ।

आफ्नो विवाहको फोटो र भिडियोमा मुखमा मास्क लगाएको, हातमा पञ्जा लगाएको र आफन्तको न्युन सहभागीता भएको कसले चाहन्छ र ? त्यसैले अत्यावश्यक बाध्यता परेका बाहेक अन्यले प्रतिक्षा गरेको हुनसक्ने बैवाहिक कार्यक्रम गराउने व्यवसायीको भनाइ छ।

## सिरियाको उत्तरपश्चिमी भू-भागमा छ जना अतिवादी मारिए

एएफपी

बेरुत । सिरियाको उत्तरपश्चिमी क्षेत्रमा बुधबार भएको विस्फोटमा परी छ जना अतिवादी मारिएका छन् । ती अतिवादी सिरियाका नभएर बाहिरका भएको बताइएको छ।

अतिवादीका हतियार राख्ने स्थानमा सो विस्फोट भएको बताइएको छ । सो स्थानमा केही दिन यतादेखि रुसी युद्धक विमान उड्ने गरेको थियो तर बुधबारको विस्फोटमा उक्त विमानको हात छ या छैन भन्ने विषयमा भने केही बताइएको छैन।

सिरियाको अवस्थाको बारेमा अध्ययन गरिरहेको बेलायत कार्यालय रहेको एक मानवअधिकारवादी संस्था सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले उक्त हमलामा रुसी विमानको हात थियो या थिएन भन्ने कुरा पत्ता नलागेको बताएको छ।

ती अतिवादी टर्किस् इस्लामिक पार्टीआवद्ध रहेको अधिकारीले जनाएका छन् । सिरियाली अधिकारीले त्यो हतियार भण्डारण गरिएको स्थानभित्रै भएको विस्फोटका कारणले उनीहरुको निधन भएको हो या अरु कसैको हात छ भन्ने बारेमा बुझ्न नसकिएको बताएका छन्।


उक्त विस्फोटन भएको स्थल सिरियाको इद्लिब प्रान्तमा पर्दछ। इद्लिब प्रान्तमा गएको मार्च महिनामा युद्ध बिराम भएको भनिएको छ तर पनि त्यहाँ आक्रमणका घटना भने रोकिएको छैन।

करिब ३० लाख नागरिकको बसोबास रहेको उक्त प्रान्तमा पछिल्लो समय कोरोना भाइरसको प्रकोपका कारण आक्रमणका घटनामा केही कमी आएको बताइएको थियो।

## फ्रान्समा कोभिड-१९ को उपचारमा हाइड्रोक्सिक्लोरोक्वीन औषधि प्रतिबन्धित

एएफपी

पेरिस । फ्रान्सले कोरोनाभाइरसको उपचारका लागि हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोगमाथि औपचारिक रूपमा प्रतिबन्ध लगाएको छ । औलो रोगको उपचारमा प्रयोग हुने यो औषधि कोरोनाभाइरसको उपचारमा हानिकारक रहेको अनुसन्धानबाट देखिएपछि फ्रान्सले प्रतिबन्ध लगाएको हो।



फ्रान्सका दुईवटा स्वास्थ्य निकायहरू एचसीएसपी र एएनएसएमले कोभिड-१९ को उपचारमा हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोगगर्न नहुने सल्लाह दिएको एक दिनपछि फ्रान्सले उक्त निर्णय गरेको हो । अध्ययनमा यस औषधिका नकारात्मक र डरलाग्दा असर हुने भेटिएको छ।

साथै, विश्व स्वास्थ्य संगठनले सोमबार घोषणा गरेभैं फ्रान्समा यस औषधिको क्लिनिकल परीक्षणमाथि पनि प्रतिबन्ध लगाइएको छ । फ्रान्सको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै कोभिड-१९ का विरामीलाई औलो विरुद्धको औषधि हाइड्रोक्सिक्लोरोक्वीन सिफारिस गर्न प्रतिबन्ध लगाइएको जनाएको छ।

कोरोनाभाइरसको कुनै खोप वा प्रामाणिक औषधि पत्ता नलागेको अवस्थामा फ्रान्सले गत मार्चमा यस औषधिलाई कोभिड-१९ का विरामीले सेवन गर्न सक्ने भन्दै अनुमति दिएको थियो।

बेलायती मेडिकल जर्नल ल्यान्सेटले कोभिड-१९ का बिरामीलाई हाइड्रोक्लोरोक्वीन औषधि सेवन गर्न दिइए त्यसले गम्भीर स्वास्थ्य समस्या निम्त्याउने, व्यक्तिको मृत्यु हुने भन्दै प्रयोग गर्न नहुने बताएको थियो।

तर यस औषधिका समर्थकहरू पनि थुप्रै छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोले कोरोनाभाइरसको उपचारका लागि हाइड्रोक्लोरोक्वीनको प्रयोगलाई प्रबर्द्धन गरिरहनु भएको छ। दुबै देशमा कोरोना संक्रमितको संख्या बढी छ।

## रसियाद्वारा एससीओ, ब्रिक्स शिखर सम्मेलन स्थगित

एएफपी

मस्को । रसियामा जुलाईमा आयोजना गर्न लागिएका ब्रिक्स र शाङ्घाई सहयोग संगठन (एससीओ) का शिखर सम्मेलनहरू स्थगित भएका छन् । रसियाली राष्ट्रपतिको कार्यालयले कोरोनाभाइरस महामारी नियन्त्रणमा आइनसकेको भन्दै उक्त दुबै सम्मेलनका लागि नयाँ मिति घोषणा गरिने जनाएको छ।

यी बैठकहरू सेन्टपिटर्सबर्गमा आगामी जुलाई २१ देखि २३ सम्म आयोजना हुने गरी तय भएका थिए।

क्रेमलिनका अनुसार सहभागी मुलुक तथा विश्वव्यापी कोरोनाभाइरसको अवस्था पुनर्मूल्याँकन गरी नयाँ मिति घोषणा गरिनेछ।

## पश्चिम बङ्गालका विद्यालय अर्को महिना पुरै बन्द हुने

एएफपी

कोलकता। भारतको पश्चिम बङ्गाल राज्यमा आगामी महिना विद्यालय बन्द हुने भएका छन्। प्रदेश सरकारले आगामी जुन ३० सम्मका लागि सबै विद्यालय बन्द नै गर्ने बुधबार घोषणा गरेको हो।

प्रदेश सरकारका शिक्षामन्त्री पार्थ चटर्जीले केही दिन अघि आएको आँधिका कारण विद्यालयको भौतिक संरचना क्षतिग्रस्त भएकाले विद्यालय बन्द गर्नु परेको जानकारी दिनुभयो।

त्यसैगरी कतिपय विद्यालय भवन कोरोनाभाइरसको सङ्क्रमणका कारण क्वारेन्टाइनका रुपमा प्रयोग गरिएकाले पनि तत्काल विद्यालय संचालन गर्न कठिनाइ रहेको उहाँको भनाइ छ। सरकारले यसअघि आगामी जुन १० सम्म बन्द रहने निर्णय गरेको थियो।

कक्षा १२को प्रदेशस्तरीय परीक्षा भने नरोकिने शिक्षा मन्त्रालयले स्पष्ट पारेको छ । कक्षा १२ को परीक्षा यही जुन २९, जुलाई २ र जुलाई ६ मा गर्नेगरी अघिल्लो हप्ता नै घोषणा भएको थियो।

पश्चिम बङ्गाल उच्च माध्यामिक शिक्षा बोर्डले परिक्षाका लागि सबै तयारी पुरा गर्न निर्देशन पनि दिएको मन्त्री चटर्जीले जानकारी दिनुभयो । यस परिक्षाका लागि एक हजार ५८ ओटा परिक्षा केन्द्र निर्धारण गरिएको उहाँको भनाइ छ।

## कोरियाले लगायो मधुमेहका ३१ औषधिमा प्रतिबन्ध

एएफपी

सउल। मधुमेहको औषधिमा प्रयोग हुने 'कार्सिनोजिन' ले क्यान्सर हुने खतरा थपिने भन्दै कार्सिनेजन प्रयोग हुने विभिन्न ३१ प्रकारका औषधिलाई दक्षिण कोरियाले उत्पादन तथा बिक्रीमा प्रतिबन्ध लगाएको छ।

जनस्वास्थ्य निकायका अनुसार 'कार्सिनोजिन' मात्रा समावेश भएका औषधि प्रयोगले क्यान्सरको जोखिम रहने एक अनुसन्धानको निष्कर्षपछि ती औषधि उत्पादन तथा बिक्रीलाई प्रतिबन्धित गरिएको हो। ती सबै मेटफर्मिनमा आधारित औषधि हुन्। यी औषधि बयस्क बिरामीका लागि सिफारिस हुने औषधि हुन् । हाल दक्षिण कोरियामा यी औषधिको सेवन गर्ने बिरामी दुई लाख ६० हजार बढी रहेका बताइएको छ।

कोरियाली खाद्य तथा औषधि सुरक्षा मन्त्रालयले मधुमेहका लागि प्रयोग हुने अन्य २५७ औषधिमा पनि 'कार्सिनोजिन' को मात्रा भए/नभएको परीक्षण गरिरहेको बताएको छ । परीक्षण भएकामध्ये ३१ औषधिमा एन नाइट्रो सोडियम थाइलामाइनको मात्रा अनुमति दिइएको भन्दा बढी भएको पाइएको छ।

# सुनकोशी मरिन डाइभर्सन आयोजना अगाडि बढ्ने

काठमाण्डु । सरकारले नदी पथान्तरण आयोजनालाई विशेषरुपमा अगाडि बढाइरहेका सन्दर्भमा तराई-मधेशमा सिँचाइ सुविधा उपलब्ध गराउने सुनकोशी मरिन डाइभर्सन परियोजनाका लागि बजेट विनियोजन गरिएको छ।

अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा सुनकोशी मरिन डाइभर्सन आयोजनाका लागि रु दुई अर्ब ४६ करोड बराबरको बजेट विनियोजन गर्नुभएको छ। सो रकम सुरुङमार्ग निर्माणलगायतका काममा खर्च गरिने भएको छ।

सो आयोजनाको चालू आवमा नै प्रारम्भिक काम शुरु भइसकेको छ। सो आयोजनाबाट प्रदेश नं २ का बारा, पर्सा, रौतहटलगायतका जिल्लाका एक लाख २१ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ। सो आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेको छ।

स्रोत तथा सिँचाइ विभागले अघि बढाइरहेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ। आयोजनाका प्रमुख सुशील आचार्यका अनुसार सुरुङको डिटेल डिजाइन निर्माण कार्यसमेत सकिन लागेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन निर्माणको अन्तिम चरणमा छ। आयोजनाको सुरुङ खन्न प्रयोग गरिने टनेल बोरिङमेसिन (टिबिएम)को डिजाइनसमेत निर्माण भइरहेको आचार्यले जानकारी दिनुभयो।

सुनकोशीको पानी मरिनमा सुरुङमार्फत लगेर जलविद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको सो आयोजनामा कूल रु ४६ अर्ब १९ करोड लाग्ने अनुमान गरिएको छ। यस्तै बाँकी संरचना निर्माण गर्नका लागि झण्डै रु ३० अर्ब लाग्ने बताइएको छ। आयोजनाबाट कूल २८ मेगावाट विद्युत् उत्पादन हुने जनाइएको छ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-६ को कानढुङ्गी नजिक सुनकोशी नदीमा १२ मिटर उचाइको बाँध राखी ६७ क्युबिक प्रतिसेकेन्ड पानी १३.१ किलोमिटर सुरुङबाट कमलामाई नगरपालिका-२ को कुसुमटार स्थित मरिन खोलामा पानी खसाल्ने गरी डिजाइन गरिएको छ। चालू आवमा समेत सो आयोजनाका लागि रु दुई अर्ब पाँच करोड बजेट विनियोजन गरिएको छ।रासस

# यस वर्ष मनसुन एक साता ढिलो भित्रिने

काठमाण्डु । यस वर्ष नेपालमा मनसुन एक साता ढिलो भित्रिने भएको छ। दक्षिण भारतको केरला हुँदै मनसुन प्रवेश गर्दछ। केरलामा मनसुन भित्रिने समय जुन १ हो। तर यस वर्ष सो स्थानमै ढिलो अर्थात् जुन ५ भन्दा अगाडि मनसुन नभित्रिने सङ्केत देखिएकाले यहाँ पनि एक साता ढिलो मनसुन भित्रिने अनुमान गरिएको मौसमविद् विभूति पोखरेलले जानकारी दिनुभयो

गत वर्ष पनि १० दिन ढिलो अर्थात् (२० जुन) मा मनसुन भित्रिएर असोज २५ मा बाहिरिएको थियो। उहाँका अनुसार मनसुन प्रवेश गर्नका लागि स्थानीय हावाभन्दा पनि मनसुनी हावाको प्रभाव बढी हुनुपर्छ तर अहिले स्थानीय वायुको प्रभावले दिनभर घाम लाग्ने तथा बिहान, बेलुका र रातिको समयमा मेघगर्जन हावाहुरीसहित वर्षा हुने गर्दछ।

हाल पश्चिमी वायु, पूर्वी भूभाग नजिक बनेको निम्न चापीय रेखा र स्थानीय वायुको प्रभाव रहेको छ। यी प्रणाली विकसित हुने क्रमै रहेकाले पनि मनसुन ढिलो भित्रिने अनुमान मौसमविद्को रहेको छ। एउटा प्रणाली आएपछि अर्को प्रणाली आउन केही समय लाग्छ। यसका साथै मनसुन भित्रिनका लागि दक्षिणपूर्वी हावा बङ्गालको खाडीबाट वायुमण्डलको तल्लो सतहदेखि करिब छ किलोमिटर माथिसम्म मनसुनी हावा प्रवेश हुनुपर्छ। तर अहिले वायुमण्डलको तल्लो सतहमा मात्र त्यस्तो हावाको प्रवेश देखिएको छ। माथिल्लो सतहसम्म पुगेको छैन। जलवाष्पयुक्त हावाको वायुमण्डलको माथिल्लो सतहसम्म प्रभाव कायम रहेमा मनसुन शुरु हुने बताइएको छ।

मनसुन ढिलो भित्रिए पनि मुलुकभर मनसुनको समयमा औषत वर्षा हुने भएको छ। दक्षिण एशियाली जलवायु दृष्टिकोण मञ्च 'सास्कोप' ले हाले नेपालसहित समग्र दक्षिण एशियाको मनसुन विश्लेषण गर्दा मनसुनमा मुलुकभर औषत वर्षा हुने प्रक्षेपण गरेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बिहीबार काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम १४ दशमलव चार डिग्री र अधिकतम तापक्रम २७ दशमलव आठ डिग्री सेल्सियस रहेको छ। सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम छ दशमलव पाँच डिग्री र सबैभन्दा बढी धनगढीको अधिकतम तापक्रम ४० दशमलव दुई डिग्री सेल्सियस रहेको छ।रासस

# गरिमा धानले घाटा बेहोरेका किसानलाई राहत रकम

कञ्चनपुर । अघिल्लो वर्ष गरिमा नामक भारतीय हाइब्रिड धानको बीउ रोप्दा नोक्सानी बेहोरेका कञ्चनपुरका किसानले राहत पाउने भएका छन्। तर नोक्सानीको तुलनामा किसानको हातमा पर्ने राहत रकम भने निकै न्यून रहेको छ।

गरिमा धानको बीउबाट प्रभावित कञ्चनपुरका नौवटै स्थानीय तहका ३७९ किसानलाई क्षतिपूर्ति दिन रु १६ लाख ५२ हजार रकम कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट प्राप्त भएको कृषि ज्ञान केन्द्र कञ्चनपुरका प्रमुख रामचन्द भट्टले जानकारी दिनुभयो। गरिमा धानमा बाला नलागेका किसानलाई क्षतिपूर्ति दिन ती रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइएको उहाँले बताउनुभयो।

प्रमुख भट्टका अनुसार गरिमा हाइब्रिड धानको बीउको प्रयोगबाट हुन गएको हानिनोक्सानी छानबिन गर्न गठित मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनका आधारमा मन्त्रालयको गत फागुन १३ गतेको निर्णयानुसार उत्पादन लागतमा भएको क्षतिलाई आधारमानी उत्पादनमा लाग्ने खर्चको २० प्रतिशतका दरले हुन आउने रकम राहतका रूपमा उपलब्ध गराउने निर्णयबमोजिम सो रकम स्थानीय तहमा पठाइएको छ। "केही स्थानीय तहले गरिमा धानबाट प्रभावित किसानलाई रकम वितरणको कार्य शुरु गरिसकेका छन्", उहाँले भन्नुभयो, "केहीले वितरण गर्ने तयारी गरेका छन्।"


उहाँका अनुसार लागत खर्चको २० प्रतिशतले हुन आउने गाउँपालिकाका १२ जनालाई रु ६१ हजार, भीमदत्त नगरपालिकाका ६ जनालाई रु १८ हजार, बेलडाँडी गाउँपालिकाका तीनजनालाई रु १२ हजार, बेदकोट नगरपालिकाका ६ जनालाई रु १३ हजार र महाकाली नगरपालिकाका

*गरिमा धानको बीउबाट प्रभावित कञ्चनपुरका नौवटै स्थानीय तहका ३७९ किसानलाई क्षतिपूर्ति दिन रु १६ लाख ५२ हजार रकम कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट प्राप्त भएको कृषि ज्ञान केन्द्र कञ्चनपुरका प्रमुख रामचन्द भट्टले जानकारी दिनुभयो। गरिमा धानमा बाला नलागेका किसानलाई क्षतिपूर्ति दिन ती रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइएको उहाँले बताउनुभयो।*

रकम शुक्लाफाँटा नगरपालिकाका ११८ जना किसानलाई रु पाँच लाख, कृष्णपुर नगरपालिकाका ११४ जनालाई रु चार लाख ९६ हजार, बेलौरी नगरपालिकाका १०२ जनालाई रु चार लाख ९७ हजार, पुनर्वास नगरपालिकाका १७ जनालाई रु ५३ हजार क्षतिपूर्तिस्वरुप वितरणका लागि सङ्घीय सरकारबाट प्राप्त भएको छ। त्यस्तै, लालझाडी एकजना किसानलाई रु दुई हजार गरी कूल रु १६ लाख ५२ हजार रकम सङ्घीय सरकारबाट प्राप्त भएको छ।

प्राप्त रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो। कञ्चनपुरमा गरिमा धानको एक हजार ३३९ किलो ७५ ग्राम बीउ प्रयोग भएको थियो। रासस

# आत्मनिर्भर अर्थतन्त्र अहिलेको आवश्यकता



पोखरा । गण्डकी प्रदेशसभाको बैठकमा सदस्यले आत्मनिर्भर अर्थतन्त्र वर्तमानको आवश्यकता भएकामा जोड दिएका छन्। प्रदेशसभामा बुधबार आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७७/७७ सिद्धान्त र प्राथमिकता सम्बन्धमा बिहीबारको बैठकमा छलफलमा भाग लिँदै उहाँहरूले कोरोना महामारीका कारण तहसनहस बनेको अर्थतन्त्रलाई पूर्ववत् अवस्थामा ल्याउनु अहिलेको चुनौती भएको बताउनुभयो।

आत्मनिर्भरतालाई दृष्टिगत गरी उत्पादन र उत्पादकत्व बढाउने किसिमले कार्यक्रम तथा बजेट ल्याउन सुझाव दिँदै अधिकांश सदस्यले गणतन्त्र दिवसको शुभकामनासमेत व्यक्त गर्नुभयो। प्रदेशसभा सदस्य धनञ्जय दवाडीले कोरोनाले पारेको असामान्य अवस्थामा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सिद्धान्त र प्राथमिकतामा परेको बताउनुभयो। आत्मनिर्भर अर्थतन्त्रकालागिआयातप्रतिस्थापन गर्न, कृषि, पशुपालनलगायत क्षेत्रमा दिइने अनुदान उत्पादन र उत्पादकत्व बढाउनेतर्फ लक्षित हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

अर्का सदस्य प्रकाशचन्द्र दवाडीले हरेक वर्ष एउटै विषयलाई प्राथमिकता दिइएको हुँदा एकै वर्षमा सकिने कार्यक्रम वर्षेनी आउने गरेको उल्लेख गर्नुभयो। सरकारले प्राथमिकताका योजना छुट्याउन नसकेको र सरकारले आफ्नो भूमिका देखाउने गरी प्रत्येक स्थानीय तहमा कम्तीमा तीनजना कर्मचारी रहने गरी कर्मचारी खटाउनुपर्ने उहाँले सुझाव दिनुभयो।

सदस्य खिमविक्रम शाहीले प्राथमिकताका आधारमा स्वास्थ्य तथा कृषि बीमा गरिनुपर्ने धारणा राख्नुभयो। पर्यटनको विकासका लागि ढोरपाटनलगायत क्षेत्रको प्रवर्द्धन तथा विकास गर्नुपर्ने बताउँदै उहाँले प्रदेशमा अलपत्र रबर तथा कागज उद्योगलाई व्यवस्थित गरिनुपर्ने उल्लेख गर्नुभयो।

सदस्य धनमाया पोखरेल लामाले सिथिल अर्थतन्त्रलाई गतिशील बनाउनु पर्ने आवश्यकता औँल्याउँदै पुराने परम्परा धान्ने किसिमको सिद्धान्त र प्राथमिकता आएको बताउनुभयो। अत्यावश्यक योजनालाई आगामी दिनमा निरन्तरता दिनुपर्ने बताउँदै उहाँले झोलुङ्गो पुलको निरन्तरता नभई विस्थापनतर्फ लाग्नुपर्ने उहाँले सुझाव दिनुभयो।

सदस्य जुनादेवी नेपालीले कोरोनाको रोकथाम र नियन्त्रणलाई लक्षित गरी सिद्धान्त र प्राथमिकता आएको बताउँदै गरिब समूदायको जीविकोपार्जन सहज हुने किसिमका कार्यक्रम ल्याउनुपर्ने सुझाव दिनुभयो। प्रविधिमैत्री शिक्षण सिकाइलाई प्राथमिकतामा राख्नुपर्ने उहाँले बताउनुभयो।

सदस्य विष्णुप्रसाद लामिछानेले विश्वका धेरै अर्थतन्त्र कोरोनाका कारण तहसनहस बनाएको उल्लेख गर्दै अहिले प्राथमिकता यसले पारेको प्रभावको वस्तुगत मूल्याङ्कन गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो। यो समय सत्तापक्ष र प्रतिपक्ष सबै मिलेर एकापसमा अघि बढ्ने बेला भएको उहाँको भनाइ छ।

सदस्य पियारी थापाले गरिबी, अभाव आदिको निवारण सरकारको प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। अधिकांश खाद्यवस्तु आयातित हुने गरेको बताउँदै उहाँले खाद्यान्नमा आत्मनिर्भर हुने किसिमका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो।

सदस्य इन्द्रलाल सापकोटाले सरकारसँग विगतका केही दायित्व यस सिद्धान्त र प्राथमिकतामा रहेको बताउँदै कोरोनाको प्रभाव र यसले सिर्जना गरेका चुनौतीको बीचमा यो आएको उल्लेख गर्नुभयो। कोरोनाको उपचार, रोकथाम, अस्पतालको क्षमतावृद्धिलगायतका धेरै विषयलाई यसले समेटेको बताउँदै उहाँले तीन तहको समन्वय, न्यायोचित वितरण लगायत थुप्रै विषय समावेश गरिएको धारणा राख्नुभयो।

अर्का सदस्य विन्दुकुमार थापाले कोरोनाको प्रभाव जल्दोबल्दो समस्या रहेको बताउँदै प्रदेशमा क्वारेन्टिन व्यवस्थित बन्न नसकेको र विदेशबाट आएका नागरिकको आरडिटी परीक्षणसमेत हुन नसकेको बताउनुभयो। गण्डकी अस्पतालमा धेरै अन्य रोगका बिरामी आउने भएकाले कोरोना विशेष अस्पतालका रूपमा अन्य ठाउँमा व्यवस्था गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।रासस

# साना व्यवसायीलाई करमा 'बम्पर' छुट, के केमा बढ्यो कर

काठमाण्डु । सरकारले लघु, घरेलु तथा साना उद्योगी तथा व्यवसायीलाई लाग्ने आयकरमा ठूलो मात्रामा छुट दिएको छ। कोरोनाका कारण ती व्यवसायमा परेको सङ्कटलाई सम्बोधन गर्न सरकारले ठूलो मात्रामा कर छुट दिएको हो।

अर्थमन्त्री डा युवराज खतिवडाले बिहीबार सङ्घीय संसद्मा पेश गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को बजेटमा साना उद्योगी तथा व्यवसायीलाई लाग्ने आयकरमा छुट दिने घोषणा गर्नुभएको हो। रु २० लाखसम्म कारोवार गर्ने करदातालाई ७५ प्रतिशत, रु २० लाखदेखि रु ५० लाखसम्म कारोवार गर्ने करदातालाई ५० प्रतिशत र रु ५० लाखदेखि रु एक करोडसम्म कारोवार गर्ने करदातालाई २५ प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ।

लघुउद्यमलाई आयकर छुटको अवधि दुई वर्ष थप गरी सात वर्ष र महिला उद्यमीले सञ्चालन गरेका लघुउद्यमलाई तीन वर्ष थप गरी १० वर्ष बनाइएको छ। लघु बीमामा लाग्दै आएको मूल्य अभिवृद्धि करलाई समेत हटाइएको छ।

लघु, घरेलु तथा साना उद्योग, कृषि, पशुपक्षीपालन, पशु उपचार र मास्क बनाउने उद्योगले पैठारी गर्ने मेशिनरी तथा कच्चापदार्थ एवं कृषि फार्म तथा कम्पनीले पैठारी गर्ने कृषियन्त्र उपकरण तथा धान, मकै, गहुँ र तरकारीको बीउ पैठारी गर्दा लाग्ने भन्सार महशुल सरकारले छुट दिएको छ। प्राथमिक कृषिउपजको पैठारीमा लाग्दै आएको भन्सार महशुल तथा कृषि सुधार शुल्क वृद्धि गरिएको छ।

कोरोनाका कारण बढी प्रभावित भएका हवाई सेवा, यातायात सेवा, होटल, ट्राभल तथा ट्रेकिङ व्यवसायीलाई चालू आवको आय विवरणमा लाग्ने आयकरमा २० प्रतिशत छुट दिइएको छ। आगामी आवको बजेटमा पर्यटन, ढुवानी व्यवसायी तथा चलचित्र घरलाई मूल्यवृद्धि कर विवरण तथा कर दाखिला गर्ने अवधि बढाई चौमासिक बनाइएको छ।

औषधि उद्योगलाई आवश्यकपर्ने कच्चपदार्थको पैठारीमा मूल्य अभिवृद्धिकर छुट दिई त्यस्ता वस्तु स्वदेशी उद्योगीबाट खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिइने व्यवस्थासमेत मिलाइएको छ। बजेटले आयुर्वेदिक कच्चा पदार्थको भन्सार शुल्क हटाएको छ। स्यानिटाइजरको कच्चा पदार्थका रुपमा प्रयोग हुने आन्तरिक उत्पादनको इथानोल तथा पिपिईएमा अन्तःशुल्क छुट दिइएको छ।

इन्टरनेट सेवा प्रदायकले फिक्स्ड ब्रोडब्याण्ड सेवा प्रदान गर्दा ५० प्रतिशतसम्मको मर्मत सम्भार शुल्कमा दूरसञ्चार सेवा दस्तुर छुट दिइने भएको छ भने रेडियो तथा टेलिभिजन प्रसारण संस्थाले तिर्नुपर्ने कारोवार रकमको दुई प्रतिशत सेवा शुल्क घटाएर एक प्रतिशत कायम गरिएको छ। सरकारले मूल्य अभिवृद्धि करको दर यथावत् राखेको छ भने अन्तःशुल्क र भन्सारका केही दरलाई भने समायोजन गरेको छ।

चुरोट, सिगार, गुटखा, पान मसलामा स्वास्थ्य जोखिम करमा वृद्धि गरिएको छ। हवाई इन्धन, एलपी ग्यासबाहेकको पेट्रोलियम पदार्थ र सुन तथा सुनको गहनामा लाग्ने भन्सार महशुलमा वृद्धि गरिएको छ।रासस

# बीउ उत्पादन र तरकारी खेतीको विकास हुँदै

नेपालगञ्ज । बर्दियाको बढैयाताल गाउँपालिकालाई आलुको बीउ उत्पादन र व्यावसायिक तरकारी खेती क्षेत्रका रूपमा विकास र विस्तार गरिएको छ। स्थानीयवासी कृषिमा आश्रित भएकाले कृषि उत्पादनलाई जोड दिइरहेको गाउँपालिका वडा नं ४ का वडाध्यक्ष कर्णबहादुर थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार गाउँपालिकामा आलुको बीउको उत्पादन राम्रो हुँदै आएको छ। गाउँपालिकाका करीब २०० किसान तरकारी र आलु खेतीमा संलग्न छन्। सङ्घीय र प्रदेश सरकारले कृषिका लागि पर्याप्त बजेट विनियोजन नगरे पनि यसलाई टेवा पुग्ने कार्यक्रम गाउँपालिका तहबाट हुँदै आएको वडाध्यक्ष थापाले बताउनुभयो।

गाउँपालिकामा स्थानीयस्तरमा उत्पादित तरकारी शीतला, पशुपति र सीतापुर हाट बजार तथा मैनापोखरबाट बिक्रीवितरण हुँदै आएको छ। मैनापोखर र कालिकाबाट वर्षेनी झण्डै ४०० टन आलुको बीउ र डेढ हजार टन आलु उत्पादन हुँदै आएको जनाइएको छ। अहिलेको बन्दाबन्दीले भने हाटबजार बन्द हुँदा बीउको बिक्री वितरण रोकिएपछि किसान मर्कामा परेका छन्।

गाउँपालिकाको आठ हजार हेक्टरमा खेती हुँदै आएको छ। पचासी प्रतिशत स्थानीयवासी कृषिमा आश्रित छन्। वडाका बासिन्दा कृषिमा आश्रित भएकाले कृषि उत्पादनलाई जोड दिइएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो।

किसानले तरकारीका अलावा धान, गहुँ, मकै, मसुरो, केराउ, अरहरलगायत अन्न र दलहन बाली पनि उत्पादन गर्दै आएका छन्। गाउँपालिकाले पनि कृषि शाखामार्फत सेवा प्रवाह गरिरहेको बढैयाताल–३ का किसान रामकुमार थारुले बताउनुभयो। बजेट अभावका कारणले गाउँपालिकाले चाहेर पनि पर्याप्तरूपमा कृषि सेवा दिन सकेको छैन। रासस

# कृषि ऋणको ब्याजमा ५० प्रतिशत अनुदानले किसानमा उत्साह

गोरखा। गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले कृषि ऋणको ब्याजमा ५० प्रतिशत अनुदान दिने भएको छ।

गाउँपालिकाले कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आयस्तर र जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले ब्याजमा अनुदान कार्यक्रम ल्याएको हो। गाउँपालिकाले कृषि ऋणको ब्याजमा ५० प्रतिशत अनुदान दिइने नीति अघि सारेपछि यहाँका किसान उत्साहित भएको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो।

कार्यक्रमअन्तर्गत सरकारबाट स्वीकृत प्राप्त विभिन्न वित्तीय संस्थाबाट कारोवार गरेका किसानलाई ब्याजमा अनुदान उपलब्ध गराउने गरी गाउँ कार्यपालिकाको बैठकबाट कार्यविधि पारित गरिएको उहाँले बताउनुभयो। ब्याज अनुदानका लागि ऋण लिएका कृषकले कृषि पेशाबाट नै जीविकोपार्जन गर्दै आएको हुनुपर्ने र फार्महरू सञ्चालन गरेको भएमा त्यस्ता फार्म गाउँपालिकाभित्र अनिवार्य दर्ता भई सञ्चालन गरिएको हुनुपर्ने व्यवस्थासमेत कार्यविधिमा गरिएको उहाँले बताउनुभयो।

कृषि ऋणको ब्याजमा अनुदान वितरणका लागि गाउँपालिकाले आर्थिक विकास समितिका प्रमुखको संयोकत्वमा छनोट समितिसमेत गठन गरी काम गर्न शुरु गरेको गाउँपालिका अध्यक्ष भट्टले जानकारी दिनुभयो। रासस

# अवरुद्ध नारायणगढ-मुग्लिन सडकखण्ड सञ्चालन



मुग्लिन । अवरुद्ध नारायणगढ-मुग्लिन सडक दुईतर्फी सञ्चालनमा आएको छ। यस सडकखण्डअन्तर्गत चितवनको इच्छाकामना-६ अन्तर्गत ३ नम्बर पुलमा दुई ट्रक एकापसमा ठोक्किँदा अवरुद्ध भएको सो सडकखण्ड करिब तीन घण्टापछि दुईतर्फी सञ्चालनमा आएको हो।

काठमाण्डुबाट नारायणगढतर्फ जाँदै गरेको ना८ख १९५२ नंको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको ना५ख ९१२२ नंको ट्रक एकापसमा ठोक्किँदा बिहान ७ बजेदेखि सडक अवरुद्ध भएको थियो।

अहिले सडक दुवैतर्फ सञ्चालनमा आएको इलाका प्रहरी कार्यालय मुग्लिनका प्रमुख प्रहरी निरीक्षक कञ्चन तामाङले जानकारी दिनुभयो।रासस

## क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर , धनुषा
प्रदेश नं.२, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति : २०७७।०२।१६)

क्षीरेश्वरनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७६।१२।१० गते प्रकाशित बोलपत्र आव्हानको सूचना विविध कारणवस स्थगित भएको र पुनः मिति २०७७।०२।०६ गतेमा ७ (सात) दिनको म्याद थप गरी प्रकाशित गरिएको सो बोलपत्रको सूचना अनुसार यस कार्यालयको समय सिमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मुल्यांकन समितिबाट मुल्यांकन गरी न्यूनतम मूल्याकिंत सारभुत रुपमा प्रभावग्राही रहेको भनी स्वीकृतको लागि सिफारिस भए अनुसार तपसिलको बोलपत्र दाताहरुको बोलपत्र स्वीकृतिको लागि छनोट गर्न निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक १३% भ्याट सहित |
|---|---|---|---|
| SB/NCS/2/076-077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, क्षीरिश्वरनाथ न.पा.६ | दिव्यांसु विल्डर्स जनकपुर-१४ | रु.२८७७९७३।१३ |
| SB/NCS/3/076-077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, क्षीरिश्वरनाथ न.पा.७ | दिव्यांसु विल्डर्स जनकपुर-१४ | रु.२७६५८४४।३१ |
| SB/NCS/4/076-077 | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, क्षीरिश्वरनाथ न.पा.८ | राजीव विल्डर्स जनकपुर-६ | रु.२५११६७९।५९ |

प्रमुख प्रशासकीय अधिकृत

# घरको खाना खाएर क्वारेन्टाइनमा बस्दै

टुडे समाचारदाता

मलंगवा । स्तरीय भोजनको व्यवस्थापन नहुँदा सर्लाहीका क्वारेन्टाइनमा बसेका नागरिकलाई समस्या भएको छ । जनप्रतिनिधिहरु यसतर्फ गंभिर नदेखिएपछि उनीहरुले आ आफ्नो घरबाट भोजन मगाएर खान बाध्य छन् ।

सर्लाहीमा जनप्रतिनिधिहरुको लापरबाहिले भारतबाट फर्किएकाहरु अव्यवस्थित क्वारेन्टाइनमा बस्न बाध्य छन् । भारतबाट फर्किएका सयौं व्यक्तिहरुलाई सदरमुकाम मलंगवा नगरपालिका सहित जिल्लाको २० वटै पालिकाहरुमा खडा गरिएको अव्यवस्थित क्वारेन्टाइनमा राखिएको छ । जिल्लाका अधिकांश पालिकाहरुले आधारभुत तथा सामुदायिक विद्यालयलाई क्वारेन्टाइनमा परिणत गरेको छ ।

पुर्व-पश्चिम राजमार्ग अन्तर्गतका पालिकाहरुको क्वारेन्टाइन बाहेक जिल्लाका अधिकांश पालिकाहरुको क्वारेन्टाइनहरुमा व्यवस्थापनको कमी देखिएको छ । खाना, नास्ता र पानी घरे बाट मगाएर



खानुपरेको साथै स्यानिटाइजर, मास्क, साबुनको व्यवस्था आफैले गर्नुपरेको गुनासो उनीहरुले गरे । विद्यालयमा बनाइएको क्वारेन्टाइनमा पर्याप्त शौचालय नहुँदा दिसापिसाब गर्नु पर्दा उनीहरुलाई क्वारेन्टाइनको हाताबाट बाहिर निस्कनु पर्ने बाध्यता रहेको छ । जसले गर्दा क्वारेन्टाइन बाहिरका स्वस्थ व्यक्तिहरुमा पनि कोरोना संक्रमणको जोखिम बढेको छ ।

रेल र सडक यातायात सेवा सुचारु भएपछि भारतबाट नेपाल फर्किनेहरुको सिमानाकाहरुमा भिड बढेको छ । उनीहरुलाई सिमाबाट सम्बन्धित पालिकाको जिम्मेवारीमा भित्र्याएर १४ दिनको लागि क्वारेन्टाइनमा राख्ने गरिएको छ ।

लुकिछिपी चोरबाटो भएर आउनेको पहिचान गरि क्वारेन्टाइनमा लगेर राख्ने काम भइरहेको छ । यहाँका क्वारेन्टाइनहरुमा चार देखि पाँच जना सम्म राख्न मिल्ने कोठामा २० देखि ३० जना व्यक्तिहरुलाई कोँचेर राखिएको छ । सर्लाहीको उत्तरी, दक्षिणी र पश्चिमी क्षेत्रका केही पालिकाहरुले सम्बन्धित क्वारेन्टाइनमा एकजना पनि स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको व्यवस्था गरेको देखिदैन । उनीहरुलाई सिधै ल्याएर भेडाबाख्रा जस्तै क्वारेन्टाइनमा लगेर हुलिदिएको छ, मलंगवा-५ खुटौनाका स्थानीय समाजसेवी लालबाबु यादवले बताए ।

सदरमुकाम मलंगवा वडा नं.२ स्थित कभर्ड हलको क्वारेन्टाइनमा बसेका व्यक्तिहरुका अनुसार एउटै हलमा चालीस भन्दा बढी व्यक्तिलाई राखेको छ, कोठालाई सेनेट्राइज गरिएको छैन , ओछ्यानहरु फोहर भइसकेको साथै समयसमयमा हुनुपर्ने स्वास्थ्य परिक्षण समेत बन्द भएको छ । पिसिआर टेष्ट भएको छैन । अव्यवस्थित क्वारेन्टाइनमा बस्दा कोरोनाको डरको साथसाथै अरु पनि रोग लाग्ने डरले आफुहरुलाई चिन्ता लागेको उनीहरुले गुनासो गरेका छन् । जनप्रतिनिधिहरुको लापरबाहिले गर्दा क्वारेन्टाइनहरुको अवस्था दयनीय रहेको जानकारहरुको भनाइ छ ।

# प्रदेश २ मा सङ्क्रमितको संख्या चार सय

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश २ मा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितको सङ्ख्या चार सय पुगेको छ । बिहीबार बिहान थप ७६ जनामा सङ्क्रमण पुष्टि भएको छ । यसका साथै प्रदेशमा संक्रमितको संख्या चार सय पुगेको हो ।

पछिल्लोपटक सङ्क्रमण पुष्टि भएकाहरुमा धनुषाका २९, महोत्तरीका १७, सप्तरीका १४, सर्लाहीका सात, सिरहाका छ र रौतहटका तीन रहेका निर्देशनालयका वरिष्ठ स्वास्थ्य प्रशासक विजयकुमार भन्ने बताए । गत मङ्गलबारसम्म यो सङ्ख्या ३६८ रहेको प्रदेश नं २ स्वास्थ्य निर्देशनालयको तथ्याङ्कले देखाएको छ । पछिल्लो पुष्टिसँगै प्रदेशमा सबैभन्दा बढी सङ्क्रमित रौतहटमा एक सय नौ पुगेको छ ।

त्यसैगरी पर्सामा ९५, बारामा ४६, धनुषामा ४२ र सर्लाहीमा ४० पुगेका छन् । त्यसैगरी सप्तरीमा २९, महोत्तरीमा २२ र सिरहामा १४ जनामा सङ्क्रमणको पुष्टि भएको छ । अहिले प्रदेशका आठवटै जिल्लाका भारतीय सीमावर्ती नाकामा घर फर्कनेको सङ्ख्या बढ्दो छ । भारतमा सञ्चालन गरिएको रेल सेवासँगै घर फर्कनेको सङ्ख्या ह्वात्तै बढेको हो । प्रदेशमा सङ्क्रमण पुष्टि भएका धेरैजसो भारतबाट नै फर्केका पाइएको निर्देशनालयका वरिष्ठ स्वास्थ्य प्रशासक भन्ने बताए ।

प्रदेशमा पिसीआर परीक्षणका लागि स्वाब सङ्कलन कार्य तीव्र बनाइएको छ । बुधबारमात्र प्रदेशका आठ जिल्लामा गरी ७४३ को स्वाब सङ्कलन गरिएको छ । प्रदेशभित्र १० हजार ५८९ को स्वाब सङ्कलन भएको निर्देशनालयले जनाएको छ । यसबाहेक प्रदेशभित्रका बासिन्दा रहेका ७२ जनाको स्वाब सङ्कलन अन्य प्रदेशमा भएको जनाइएको छ । प्रदेशका आठै जिल्लामा गरी अहिले ३०१ क्वारेन्टाइन केन्द्र बनाइएका छन् । सीमा क्षेत्रबाट मुलुक भित्रिने क्रम बाक्लिएसँगै जेठ दोस्रो साताम १२० क्वारेन्टाइन केन्द्र थपिएका हुन् । यसअघि १८१ केन्द्र सञ्चालित थिए । अहिले ३०१ केन्द्रमा १६ हजार ९१४ शय्या छन्, जसमा १३ हजार ४०२ शङ्कास्पद बसेका छन् । यसबाहेक स्वास्थ्यकर्मीको रेखदेखमा होम क्वारेन्टाइनमा चार हजार ९०३ रहेका उनले बताए ।

त्यसैगरी प्रदेशमा ६४५ आइसोलेसन शय्या तयार छन् । अहिले १८९ जना शङ्कास्पद आइसोलेसनमा छन् । प्रदेशमा सङ्क्रमणपछि उपचारबाट निको भएर घर फर्कने पनि १७ जना पुगेका छन् । प्रदेशमा बढ्दै गएको सङ्क्रमणलाई मध्यनजर गर्दै सीमा व्यवस्थापन अझ बढी प्रभावकारी बनाउनुपर्ने विज्ञहरूको सुझाव छ ।

क्वारेन्टाइन केन्द्र र शय्या थपिँदै गए पनि पिसीआर परीक्षण सघन हुनसकेको छैन । यो परीक्षणका लागि स्वाब सङ्कलन गर्न आवश्यक सामग्री पर्याप्त नहुँदा गति बढ्न नसकेको क्वारेन्टाइन केन्द्रको रेखदेखमा रहेका स्वास्थ्यकर्मीको भनाइ छ । निर्देशनालयले भएको सामग्री र दक्ष जनशक्ति स्वाव सङ्कलनमा लगाईदै आइएको जनाएको छ ।

# कलैया उपमहानगरपालिकालाई स्यानिटाइज गरिँदै

लिकेन्द्र पासवान

कलैया । कलैयास्थित जीवन ज्योति बचत तथा ऋण सहकारी संस्थाले कलैया उपमहानगरपालिकाको २७ वटै वडालाई स्यानिटाइज गर्ने अभियान बिहिवारदेखि शुरु गरेको छ । विश्वव्यापी कोरोना भाईरसको अटोमेटिक स्यानिटाईजर बुथ समेत जडान गर्ने संस्थाका सदस्य तिवारीले भने ।

कलैया उपमहानगरपालिकाको वडा नं.१ बट शुरु गरिएको अभियान २७ वटै वडामा पुग्ने छ । सो अवसरमा संस्थाका सदस्य तथा प्रदेशसभा सदस्य महम्द.समिरले



महामारीबाट बच्नका लागि संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत सो अभियानको थालनी गरिएको संस्थाका अध्यक्ष दिलिप चौधरीले जानकारी दिए ।

अभियान अन्तर्गत १० दिन भित्र कलैया उपमहानगरपालिकाको २७ वटै वडामा पुगि सम्पुर्ण घरहरुलाई सेनिटाईज गर्ने तथा कोरोना भाईरसबाट बच्न आवश्यक सावधानिबारे जनचेतना जगाउने संस्थाका सदस्य धर्मेन्द्र तिवारीले बताए ।

निजि क्षेत्रबाट शुरु गरिएको यस अभियानले कलैयावासिलाई ठुलो सहयोग पुग्ने विश्वास गरिएको छ । अभियान अन्तर्गत सो संस्थाले कलैयाको ४ स्थानमा नागरिकको जीवन रक्षाका लागि अभियानको थालनी गरेको बताउदै सरकारलेजारीगरेको लकडाउनलाई घरमा बसी पुर्ण पालना गर्न कलैया उपमहानगरपालिकाबासीलाईअग्राह गरे ।

अति आवश्यक काम बाहेक बाहिर ननिस्कने प्रदेशसभा सदस्य समिरको भनाई रहेको छ । अभियानमा वाल रोग विशेषज्ञ डा.बद्रि दास, भरत अग्रवाल, बन्टि अग्रवाल, शिवजि यादव, सुभाष जैसवाल, नबिन अग्रवाल, किशन शर्मा लगायतका सहभागि रहेको थियो । अभियान सार्थक रहेको बताउदै गरिब, ज्यालादारी, बिपन्न लगायतका ब्यक्तिहरुलाई राहत उपलब्ध गराउने सुझाव कलैयाका स्थानिय संजय तिवारीले बताए ।

# रौतहटमा संक्रमित बढ्दै लकडाउन खुकुलो बन्दै

एम.के.चौधरी

गरुडा । रौतहटमा कोरोना संक्रमित ब्यक्तिहरुको संख्या बढ्दै गइरहेपनि लकडाउन भने खुकुलो हुँदै गएको छ । लकडाउन खुकुलो हुँदै गएपछि रौतहटमा कोरोनाको संक्रमण थप चुनौतिपूर्ण बनेको छ ।

नेपालमा पहिलो पटक कोरोना भाइरसको संक्रमण चैत्र २२ गते स्थानीयबासीमा देखिएको थियो । यस अघि नेपालमा देखिएको ६ वटा संक्रमण विदेशबाट आएकाहरुमा मात्र देखिएका थिए । रौतहटमा बैशाख १ गते एक युवकमा कोरोना भाइरसको संक्रमण देखिएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार इशनाथ नगरपालिकाको क्वारेन्टाइनमा रहेका १९ वर्षीय पुरुषमा संक्रमण पुष्टि भएको थियो । त्यस्तै बैशाख १६ गते थप दुई जनामा कोरोना संक्रमण भेटियो । वृन्दावन नगरपालिका ९ भुसहा र देवाही गोनाही नगरपालिका १ का पुरुषमा कोरोना संक्रमण पुष्टि भएको थियो । कोरोना संक्रमण पुष्टि भएकै दिन दुईटै गाउँ स्थानीय प्रशासनले सिल गरेको थियो ।

त्यस्तै जेठ ४ गते राजपुर नगरपालिकामा ७ र इशनाथ नगरपालिकामा ३ गरी जम्मा १० जना संक्रिमित भेटिएको थियो । उनीहरु केही दिनअघि मात्रै



भारतको मुम्बई, गुजरात लगायतका ठाउँबाट आएको थियो । यसअघि जिल्लामा आइसोलेशन कक्षा नहुँदा बीरगन्ज पठाइएकामा जेठ ४ गते पुष्टि भएका १० संक्रमितलाई जिल्लाको गौर नर्सिङ इन्स्टिच्युसटमा निर्माण गरिएको आइसोलेसनमा राखेर उपचार गर्न लागिएको थियो ।

जेठ ५ गते इशनाथ ७ जना र माधवनारायण नगरपालिकामा १ जना गरी ८ जना कोरोना संक्रमित फेला परेको थियो । जेठ १२ गते राजपुर र इशनाथ नगरपालिकाको क्वारेन्टाइनमा रहेका मध्ये २६ जनामा कोरोना संक्रमणको पुष्टि भए देखि नै जिल्लाको अवस्था कमजोर हुदै गएको देखिन थालियो । त्यस्तै जेठ १३ गते २२ , जेठ १४ गते बुधवार थप ३५ जनको रिपोर्ट पोजेटिभ आएसँगै रौतहटमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या १०० नाघेको थियो । जेठ १५ गते २० जनाको रिपोर्ट पोजेटिभ हुदैँ जिल्ला भरिमा १२५ जना कोरोना संक्रमित पुष्टि भएको प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बताए ।

देश भरी १०४२ संक्रमित हुदा रौतहटमा १२५ जना छन् । कोरोनाको इपिसेन्टर बँके पछिको दोश्रो स्थानमा रौतहट रहेको छ । रौतहट जिल्ला नै अस्तब्यस्त भएको देखिन्छ, लकडाउनको उल्लंघन गर्नेदेखि लिएर स्थानीय तहहरुले क्वारेन्टाइन र आइसोलेसन कक्षाको निर्माण तथा क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको व्यवस्थापन फितलो देखिएको छ ।

# अव्यवस्थित क्वारेन्टाइनले कोरोना फैलिने त्रास

बृजमान तामाङ

बरिन्द्र बजार(सप्तरी) । सप्तरीको राजगढ गाउँपालिकामा अव्यवस्थित क्वारेन्टाइनले कोरोना फैलिने खतरा बढेको छ ।

गाउँपालिकाले ब्यबस्था गरेको क्वारेन्टाइनमा बेड संख्या भन्दा दोबरलाई राखिएकोले कोरोना भाईरसको संक्रमण फैलिने जोखिम बढेको हो । गाउँपालिका वडा नम्बर ३ स्थित माबी नर्घो र ६ वडाको राप्रबि फकिरा ब्यवस्थापन गरिएको क्वारेन्टाइनले धान्न नसकेको कारण कोरोना फैलिने खतरा रहेको स्थानीयहरु बताउँछन् ।

भारतको विभिन्न ठाँउमा रोजगारीका लागि र कामको शिलशिलामा गएकाहरु ठूलो संख्या गाउँ फर्किएकाले गाउँपालिकाले उचित ब्यावस्था नगर्दा क्वारेन्टाइनमा बस्नेहरुले सास्ती खेपिरहेका छन् ।

बेड नहुदा भुइँबिनाको खाली फर्समा दुई जना लाम्खुट्टेको टोकाई सहदै एकै ठाँउमा सुत्नु जस्तोसो रातकाटिरहेको दुई साता देखि नर्घो क्वारेन्टाइनमा रहेका पशुपति यादवले दुखेसो पोखे । माबी नर्घोमा ६० बेडको ब्यवस्था गरिएनी एक सय तीस जनालाई एकै ठाँउमा राखेको क्वारेन्टाइनमा बसेका अर्का ब्याक्ती अमित मण्डलले बताए ।

क्वारेन्टाइनमा बस्नेको चाँप



बढेसँगै खाना, नास्ता, स्वास्थ्य जाँच समेतमा समस्या हुने गरेको सोही क्वारेन्टाइनका भागवत मण्डलले बताए । खानामा सधैं फर्कीको तरकारी बाहेक अरु मुखफर्ने नपाएको संतोष मरिकले बताए ।

क्वारेन्टाइनमा भोक र रोगको खतरा बढेको बारे गाउँपालिकालाई पटकपटक जानकारी गराउदा समेत सुनुवाइ नभएको उनीहरु बताउछन । एक ठाँउमा यतिका भिड र स्वास्थ्य सुरक्षाको कम्जोर ब्यबस्थापनले आफुहरु असुरक्षित रहेको क्वारेन्टाइनमा रहेकाहरु बताउँछन् ।

स्वाव संकलन गरेर लगेको सोह्र दिन बितिसक्दा पनि हालसम्म रिपोर्ट आएको छैन, क्वारेन्टाइनमा बसेका एक जनाले भने, केहिलाई ज्वरो, रुघाखोकी जस्ता लक्षण देखिएको छ ।

ज्वरो रुघाखोकीको औषधि समेत बाहिरबाट मगाएर खादै बस्नु परेको उनले गुनासो गरे । गाउँपालिकाले स्वास्थ्य जाँचको ब्यबस्था नगरि अब्बेस्थित क्वारेन्टाइनमा सयौं भेडाबाख्रा जसरी राखेर आफुहरुको स्वास्थ्यसंग खेलवाड गरेको क्वारेन्टाइनमा बसेकाहरुले गुनासो गरेका छन ।

यसबारे राजगढ गाउँपालिकाका स्वास्थ्य प्रमुख रामचन्द्र यादवले एक्कैपटक चाँप बढेकाले समस्या भएको हुन सक्ने बताए । उनले ब्यबस्थापनमा भने कमजोरी नभएको प्रतिक्रिया दिए । गाउँपालिकाका जनप्रतिनिधिहरु समेत थप ठाँउमा क्वारेन्टाइन बनाएर ब्यबस्थित गर्न लागिरहेको उनले जानकारी दिए । यस अघि खाना नास्ताको राम्रो प्रबन्ध मिलाउन र स्वास्थ्य जाँच समय( समयमा गर्न माँग गरि क्वारेन्टाइनमा बसेकाहरू भोकहड्तालमा समेत उत्रिएका थिए । राजगढ गाउँपालिकामा दुई स्थानमा क्वारेन्टाइनको ब्यबस्था मिलाएको छ । माबी नर्घोमा १ सय ३० जना छन भने राप्रबि फकिरामा ३८ जना क्वारेन्टाइनमा छन ।

# ३४ जनाको आरडीटी परीक्षण, पाँचमा पोजेटिभ

टुडे समाचारदाता

कलैया । बाराको कलैया उपमहानगरपालिका वडा नम्बर ३ शैक्षिक तालिम केन्द्रको क्वारेन्टाइनमा बसिरहेका पाँच जनामा कोरोना पोजेटिभ पुष्टि भएको छ । त्याहाँ बसिरहेका ३४ जनाको बुधवार आरटीडी परिक्षण गरिएको थियो ।

५ जनामा कोरोना पोजेटिभ पुष्टि भएको छ । कलैया उपमहानगरपालिका वडा नम्बर १३ का ५०, १३ के ४७, अर्का २६ वर्षिय पुरुस , कलैया उपमहानगरपालिका वडा नम्बर ३ का ३३ वर्ष र महागढीमाई नापा १ का ३० वर्षिय पुरुष रहेको कलैया अस्पतालका प्रमुख विरेन्द्र मण्डलले बताए । पोजेटिभ पुष्टि भएकाहरुलाई पिसिआर माध्यमबाट कोरोना परिक्षण गरिने कलैया अस्पतालका त्याव प्रमुख शेख फुलमहम्द जानकारी दिए । निगेटिभ आएका २९ जनालाई डिस्चार्ज गरिएको कलैया उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख अजय जसवालले जानकारी गराए ।

# सामाजिक न्याय सहितको आर्थिक समृद्धि : प्रमुख परियार

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश प्रमुख तिलक परियारले सबै जाति, भाषा, धर्म र समुदायको सुदृढ एकताको बलमा मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशामा लैजानुलाई आजको आवश्यकता बताएका छन् ।

गणतन्त्र दिवसको उपलक्ष्यमा बिहीबार शुभकामना सन्देश जारी गर्दै उनले राष्ट्रियता, जनजीविका र लोकतान्त्रिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनले मात्र आर्थिक समृद्धि हासिल हुने बताए ।

प्रदेश प्रमुखको सचिवालयद्वारा जारी गरिएको शुभकामना सन्देशमा उनले गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएको जनआन्दोलन, सशस्त्र सङ्घर्ष, जनयुद्ध, २०६२/६३ को ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान् शहीदप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरे ।

यसका साथै सङ्घर्षको क्रममा घाइते हुने योद्धाको स्वास्थ्यलाभको कामना, गणतन्त्र प्राप्तिको सङ्घर्षको क्रममा बेपत्ता हुनुभएका नागरिकप्रति हार्दिक सम्मान व्यक्त गर्दै उनले बेपत्ताहरूको सार्वजनीकिकरण गर्न सरकारले छिट्टै पहल गर्ने विश्वास व्यक्त गरे ।


नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमित रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने वस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com